# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

जलारी जाति नेपालको आदीबासी जनजाति मध्ये एक हो । यस जातिलाई सिमान्तकृत जाति पनि मानिन्छ । यस जाति नेवार जातिको उपजाति अन्तर्गत पर्दछ । जलारीलाई पहिले पोडे पनि भनिन्थ्यो । जलारी=जल+आहरी अर्थात् पानीमा वा जलमा आहर खोज्ने भएकोले यस जातिलाई जलारी भनिएको पाइन्छ (क्षेत्री, २००६) ।

अर्को अर्थमा नेट वा जालको माध्यमबाट आहर वा खानेकुरा खोज्ने भएकोले जाल+आहारी हुँदै जलारी भनिएको पाइन्छ (क्षेत्री, २००६) । नेपालमा जनजातिको वा आदीवासी जनजातिको जनसंख्या कुल जनसंख्याको ३६ प्रतिशत रहेको राष्ट्रिय जनगणना, २०११ को तथ्याङ्कले जनाएको छ । त्यसमध्ये नेवार जातिको जनसंख्या ५ प्रतिशत रहेको छ (के.त.वि., २०६८) । कास्की जिल्लाको फेवा जलाधार क्षेत्रमा जलारी समुदायको संख्या वा जलारीको जनसंख्या ४५० रहेको हर्पन फेवा मत्स्य सहकारीका अध्यक्ष ज्ञान बहादुर जलारीले जनाएका छन् ।

फेवा जलाधार क्षेत्र जलारी समुदायको पुरानो थलो हो । यस स्थलमा उनीहरूले परम्परा देखी नै परम्परागत तरिकाले जीविकोपार्जन गर्दै आएकोमा अहिले आएर परम्परागत पेशा छोडी नयाँ तथा आधुनिक पेशा गर्ने वा अपनाउने प्रवृत्ति बढ्दै गएको पाइन्छ ।

जलारी (पोडे) समुदाय एक सिमान्तकृत समुदाय हो । नेवार जातिको एक उपजातिको रूपमा रहने यस जलारी वा (पोडे) जातिको परम्परागत पेशा फाँसी दिने र जनावरको छाला काड्ने रहेको थियो (नेपाली, १९६५:१७७) । जलारी (पोडे) जाति काठमाण्डौबाट पोखरा बसाई सरेका थिए । उनीहरू सर्वप्रथम काठमाण्डौबाट बसाई सरी पोखराको नयाँबजार लगायत विभिन्न ठाउँमा बसाई सरेका थिए (क्षेत्री, २००६) ।

फेवा जलाधार क्षेत्रमा पनि यिनीहरू सहज जिविकोपार्जनको खोजीका क्रममा बसाई सरी आएको हर्पन फेवा मत्स्य सहकारीका अध्यक्ष ज्ञान बहादुर जलारीले बताएका छन् । पोडे जातिको प्रमुख परम्परागत पेशा माछा मार्ने, टोकरी बुन्ने र मरेका जनावरको छाला

काड्ने रहेको थियो (नेपाली, १९६५) । नेवारी समुदाय भित्र जोशिलाई मन्दीरको पुजारीको रूपमा र अन्य  जातिहरू कसही, पोडे र च्यामे मन्दीरको हेरचाह गर्ने जातिको रूपमा लिएको पाइन्छ (नेपाली, १९६५:१७७) ।

काठमाण्डौमा पोडेहरू नगरपालिकामा पहिला देखी नै सफाइ गर्ने वा कुचो लगाउने काम गर्दै आएका थिए । जुन कि नगरपालिकाको प्रशासनीक क्षेत्रमा कतिपयले अझै पनि यो पेशा अपनाउदै आएका छन् (रेग्मी, १९७८:२५४) । नेपालमा जनजातिको सूचिमा सुचिकृत जनजातिको संख्या ६० रहेको छ (नेपाल राजपत्र, २००२) । ६० जनजाति मध्ये नेवार जाति विकसीत जाति अन्तर्गत पर्दछ । जलारी वा (पोडे) जाति नेवार जाति भित्रको सिमान्तकृत उपजातिमा पर्दछ ।

नेवार जातिलाई खिचडीको भाँडोको रूपमा व्याख्या गरिएको पाइन्छ । अर्थात् विभिन्न जातिको समिश्रणलाई नेवार जातिको रूपमा लिइन्छ । यस जातिमा पुरोहित देखी अछुत मानिने जातिसम्म रहि आएका छन् । यहि जातिको एउटा उपजातिको रूपमा जलारी (पोडे) जातिलाई पनि लिइन्छ (नेपाली, १९६५:१७७) ।

## १.२ सैद्धान्तिक साहित्यको अध्ययन

### १.२.१ विश्वव्यापीकरण सिद्धान्त

वर्तमान समयमा कुनैपनि एक समाज कुनै अर्को राष्ट्रबाट अलग भएर रहन सक्दैन । जसरी एउटा परिवारको सदस्य अर्को सदस्यको सहयोगको आशा गरेको हुन्छ र सहयोग गरेको हुन्छ । त्यसैगरी विश्वका राष्ट्र पनि एक अर्कामा अन्तरनिर्भर रहेका हुन्छन् । जसमा विश्वलाई नै एउटा गाउँ र विश्वका राष्ट्रलाई उक्त गाउँका परिवार बनाएको छ । यसरी विश्वग्राममा बस्ने परिवार तथा सदस्य बिच प्रविधि, रोजगारी, सिपको विकास गरी नागरिक एवम् समाजमा पेशा परिवर्तन आर्थिक, सामाजिक तथा पेशागत अन्तरक्रिया भइरहेको  हुन्छ । एउटा देशका नागरिकमा हुने पेशा परिवर्तनले अर्को राष्ट्रमा प्रभाव पारेको हुन्छ वा एउटा राष्ट्रका श्रमिक अर्को राष्ट्रमा गई कार्य गर्ने वातावरण बन्दछ । प्रविधि, रोजगारी, सिपको विकास गरी नागरिक एवम् समाजमा पेशा परिवर्तनमा सहयोग पुऱ्याउँदछ ।

विश्वव्यापीकरणको प्रक्रियाले जलारी समुदायमा के कस्तो प्रभाव परेको छ भनि खोजि गर्ने काम यस अध्ययनमा गरिएको छ भने विश्वव्यापीकरण सम्बन्धमा अध्ययनसँग सम्बन्धित विद्वानहरूको लेख रचनाहरूलाई समेत आधारित बनाइएको छ । विश्वव्यापीकरण एक प्रक्रिया हो जसमा समाजहरूका सामाजिक जीवनका सबै पक्षहरू राजनैतिक व्यापारिक सम्बन्ध देखि पेशागत प्रभावबाट अधिकारीक रूपमा प्रभावित हुन्छ (पोखरेल, २०५८:१३५) ।

विश्वव्यापिकरण विकासको एक उन्नत अवस्था हो जहाँ समाजहरूको पुँजी, प्रविधि, श्रम, कच्चा पदार्थ सूचना र परिवहन वितरण र बजारीकरण सबै विश्वव्यापी स्तरमा एकीकृत वा अन्तरनिर्भर हुन्छन् (सुवेदी, २०६१:७१-७४) ।

विश्वव्यापीकरण राष्ट्रहरूको र जनताहरूको एकीकरण विश्वव्यापी रूपमा हुने गर्दछ । यसका लागि यातायात र सञ्चारका खर्चहरूमा कटौती गरी सहज अवस्था बनाइएको हुन्छ । कृतिम रूपमा सृजित सबै अवरोधहरूलाई समाप्त पारी सेवा, सुविधा, पुँजी र स्वतन्त्र प्रवाहका लागि मार्ग प्रशस्त गरिएको हुन्छ (मैनाली र पौड्याल, २०७१:६९) ।

अर्थतन्त्रले राष्ट्रिय सीमा नाघेर विश्वको जुनसुकै स्थान वा बजारमा सम्बन्ध स्थापित गर्ने प्रक्रिया नै विश्वव्यापीकरण हो । विश्वमा रहेका सबै देश क्षेत्र र जनताको चाहना समय र परिस्थितिको उपज हो । यो विश्वभर विभिन्न प्रकारका क्रियाकलापहरू कार्यहरू र व्यवसायहरूको आधारमा एक आपसमा घनिष्ट रूपमा सम्बन्धित हुँदै गएको मानव शरिरको रक्तसञ्चार प्रणाली जस्तै नै सबैतिर फैलिएर रहेको हुन्छ । विश्वव्यापीकरणको विकासबाट अन्य राष्ट्रहरू प्रभावित भएका छन् र यसबाट अलगिएर बस्न सक्ने स्थिति देखिदैन (मैनालि र पौड्याल, २०७१:६६-७३) ।

विश्वव्यापीकरणमा उदारीकरण, संरचनात्मक समाजयोजना, आर्थिक सुधार, निजिकरण गैह्र नोकर शाहीकरण, अन्तराष्ट्रियकरण बजारीकरण खुलापन, पुर्नसंरचना, आर्थिक स्वायत्तता निर्यात प्रवर्द्धन, पुँजी, प्रविधि तथा श्रमको विश्वव्यापीकरण हो (अधिकारी, २०६२:१०३) ।

विश्वव्यापीकरण शब्दले उदार प्रजातन्त्र उच्च प्रविधि र आमसञ्चार तथा शान्तिसँग समाहित भएको बजार अर्थतन्त्रका रूपमा प्रस्तुत सीमाबिहिन विश्वमा पुँजी प्रविधि ज्ञान, सूचना वस्तु तथा श्रम र मानिसहरूको संगठनको एकाधिकारलाई जनाउँदछ (दाहाल,

२०६५:१७३-१७४) । विश्वव्यापीकरणले विकासको एक यस्तो समृद्ध अवस्थालाई जनाउँदछ जहाँ पुँजी, प्रविधि, श्रम कच्चा पदार्थ, सूचना तथा यातायात वितरण प्रणाली र बजारहरू विश्वव्यापी स्तरमा एकीकृत वा अन्तरमिश्रीत भएर रहेको हुन्छ । यसले अर्थतन्त्रलाई सही समयमा विश्वव्यापी आधारमा कार्य गर्ने एक एकाइको रूपमा विकास गर्दछ (दाहाल, २०६५:१७५-१७६) ।

विश्वव्यापीकरण प्रजातन्त्रको बिस्तार, बजार शक्तिहरूको प्रधानता, विश्वव्यापी अर्थतन्त्रको एकीकरण, उत्पादन प्रणाली र श्रम बजारमा रूपान्तरण, प्रविधि परिवर्तनमा तिव्रता आम सञ्चार क्रान्ती तथा उपभोक्तावाद जस्ता विशेषताहरू रहन्छन्, जसले समाजको विकासमा सहयोग गर्दछ (अधिकारी, २०६५:३७-३९) । संयुक्त राष्ट्रसंघीय सामाजिक विकास अनुसन्धान संस्थाले सामाजिक विकास अनुसन्धान विकासका लागि विश्व शिखर सम्मेलनको प्रतिवेदनमा विश्वव्यापीकरण भएका राष्ट्रहरूका बिचमा प्रविधि, विचार, श्रम र पुँजीको बिना रोकावट स्वतन्त्र एवम् सहज प्रवाह एवम् समाजमा नयाँ सोच, संकल्प, विचरा विमर्शको विकास एवम् बिस्तारले कुनैपनि समुदायको पेशागत परिवर्तन सम्बन्धी विश्वव्यापीकरणको सैद्धान्तिक व्याख्या जलारी समुदायका सम्बन्धमा अध्ययनसँग सम्बन्धित विद्वानहरूको लेख रचनाहरूलाई समेत आधारीत बनाइएको छ ।

समाज परिवर्तनको विभिन्न सैद्धान्तिक आधार मध्यको एक विश्वव्यापीकरणलाई दुई वा दुई भन्दा बढी राष्ट्रहरू सम्मेलित कम्पनिको स्थापना विभिन्न क्षेत्रीय संगठनहरूको स्थापना गरी रोजगारीको सृजना गरिबि न्युनिकरण कुनै एक देशको समस्यालाई विश्वव्यापी सम्मान र स्वतन्त्रता साथै कृत्तिम रूपमा सृजीत सबै अवरोधहरू समाप्त हुने हुँदा विश्वको जुनसुकै देशमा बसोबास गर्ने नागरिकलाई रोजगार तथा व्यापार व्यवसायका सम्भावना र अवसरहरू सृजना हुन गई आर्थिक उन्नति र प्रगतिको बाटाहरू फराकीला हुन जान्छन् भने अर्को तर्फ विकासका विभिन्न मोडेलहरूको विश्वव्यापी बहस र प्रसार विभिन्न चेतना र आफ्ना हक अधिकारको बारेमा जानकारी प्राप्त गर्ने मौका समेत प्रदान हुन जान्छ । फलस्वरूप सामाजिक सम्बन्ध र सम्पर्कमा नयाँपनको सृजना भई समाज परिवर्तनको यस सिद्धान्तलाई यस अध्ययनमा फेवा जलाधार क्षेत्र भित्र बसोबास गर्ने जलारी समुदायको पेशागत परिवर्तनको अध्ययनको लागि आधार बनाइएको छ ।

### १.२.२. आधुनिकीकरण सिद्धान्त

वास्तवमा आधुनिकीकरणको सिद्धान्त सन् १९५० देखि १९७० को दशकमा देखा परेको हो । यस आधुनिकीकरण सिद्धान्तको मुलभुत मान्यता भनेको समाज र पेशा संस्कृति परिवर्तनशील छ । स्वयम् मानिस पनि परिवर्तनगामी छ । प्रत्येक समाज परिवर्तन र विकसीत हुँदै अगाडी बढेको छ । समाजको प्रारम्भिक चरण भन्दा वर्तमान चरण बढी परिवर्तनशील छ । समाज सधै आधुनिकतातर्फ उन्मुख हुन्छ भन्ने तथ्यमा आधारित छ । आधुनिकता भनेकै समाज एक परम्परागत र रुढीवादी ढाँचाबाट आधुनिक वा कुशल र औधोगीक तहमा पुग्ने प्रक्रिया हो ।

विशेष गरी दोस्रो विश्वयुद्ध पछि यसको विकास भएको पाइन्छ । (Rostow, 1970) ले The Stage of Economic Growth मा आधुनिकरणलाई समाज विकासको तहमा जोड दिएको पाइन्छ । उनका अनुसार प्रारम्भिक समयमा समाज पारस्परिक सम्बन्धमा हुन्छ भने आधुनिकीकरण प्रक्रियासँग समाज विकासको प्रक्रियामा अगाडी बढ्ने तर्फ राखेका छन् । उनले आधुनिकीकरण प्रक्रिया परम्परागत समाज पूर्व अवस्थामा रहेको समाज, परिवर्तीत समाज, परिपक्वतातर्फ केन्द्रीत समाज र उच्च उपभोक्ताको अवस्थाको चरण हुँदै समाज आधुनिकीकरण तर्फ अगाडी बढ्छ भन्ने तर्फ राखेका छन् (Kimber Charles, 1999:397-398) ।

हेबरमास (१९८७) का अनुसार आधुनिकता कहिल्यै पनि नटुङ्गिने प्रोजेक्ट हो (Ritzer, 2010:556-568) आधुनिकीकरण सिद्धान्तले सामाजिक, साँस्कृतिक एवम् आर्थिक विकासको अवधारणालाई जोड दिन्छ । मानिस पनि एक सामाजिक प्राणी भएका कारण समाजको परिवर्तनसँगै आफुलाई पनि परिवर्तन गर्दै जान्छ । समाजका अन्य व्यक्तिको पेशामा आएको परिवर्तनसँगै आफुले पनि पुरानो पेशा छोडी नयाँ पेशा अपनाउँदछ । फलस्वरूप पेशामा परिवर्तन आउँदछ ।

गिडेन्स (१९९०) ले पुँजीवाद र औधोगिकीकरणको विकासलाई आधुनिकीकरणको रूपमा व्याख्या गरेका छन् । उनका अनुसार वस्तुको उत्पादन, व्यक्तिगत सम्पत्तिको स्वामित्व, श्रमिकको कम ज्याला आदि पुँजीवादका विशेषता हुन् । मेसिनको प्रयोग यातायात सञ्चारका साधन, घरेलु जीवनमा परिवर्तन आदि औधोगिकीकरणका विशेषता हुन् (Ritzer, 2010:551-552) ।

मानव समाजको परिवर्तनका बारेमा विभिन्न सैद्धान्तिक आधारहरूको खोज तथा अनुसन्धान गरी त्यसको व्याख्या तथा विश्लेषण गरेको पाइन्छ । आधुनिकीकरण प्रक्रियाले समाजमा मानिसको सोचाई र समग्र क्रियाकलापमा हो । जसबाट समाजमा मानिसको सोचाई र समग्र क्रियाकलापमा परिवर्तन ल्याउने बहुआयामिक प्रक्रिया हो जसबाट समाजमा परम्परागत सोचाई काम गराई र भौतिक तथा अभौतिक संरचनामा परिवर्तन ल्याउने गर्दछ । उत्पादन प्रणाली लगायत सबै पक्षमा विभिन्न विकल्पहरूको सृजना हुन जान्छ भनी व्याख्या गरेको पाइन्छ ।

मानिसको काम गराई लगायत मुल्यमान्यता आचरण शैलिमा एवम् पेशामा परिवर्तन आउँदछ । परिवर्तन अवश्यम भावी छ । यो जगतमा अपरिवर्तन केही पनि छैन । विश्व लगायत नेपालमा सामाजिक परिवर्तनका लागि विभिन्न समयमा विभिन्न पहलहरू भएका छन् । सिमान्तकृत जलारी समुदायको बसोबास रहेको यस फेवा जलाधार क्षेत्रमा जलारी समुदायको पेशागत अवस्था कस्तो छ र पेशा परिवर्तनको स्थिति कस्तो छ र कुन सैद्धान्तिक आधारमा त्यहाँको जलारी समुदायको परम्परागत पेशामा परिवर्तन आएको छ भनि खोजि गरिएको छ ।

## १.३ समस्याको कथन

जलारी (पोडे) जाति एक सिमान्तकृत जाति हो । यस जाति नेवार जातिको एक उपजातिको रूपमा रहेको छ । यिनीहरूको आफ्नै मौलिक सँस्कृति, रितिरिवाज, भाषा रहेको छ । परम्परागत रूपमा यस जातिको प्रमुख पेशा टोकरी बुन्ने र जनावरको छाला काड्ने रहेको थियो (नेपाली, १९६५) । हाल आएर यस जातिले जलारी काठमाण्डौबाट टोकरी बेच्ने र माछा मार्ने कामको लागि काठमाण्डौबाट बसाई सरी पोखरा आएको पाइन्छ (नेपाली, १९६५) ।

जल+आहारी वा पानीमा आहार खोजि खाने भएकोले यस जातिलाई जलारी भनिएको पाइन्छ । यस फेवा जलाधार परम्परागत पेशामा परिवर्तन आएको पाइन्छ । यस सिमान्त्कृत जातिले परम्परागत पेशा माछा मारी जीवनयापन गरी रहेकोमा हाल आएर परम्परागत पेशामा परिवर्तन आई आधुनिक पेशा अनुसरण गर्दै आएको पाइन्छ । जलारी समुदायको घरधुरी संख्या यस फेवा जलाधार क्षेत्रमा ९१ रहेको हर्पन फेवा मत्स्य सहकारीका अध्यक्ष ज्ञान बहादुर जलारीले बताएका छन् ।

यस अध्ययनको विषयवस्तुमा परेको प्रभाव निम्न अनुसारको अनुसन्धनात्मक प्रश्नहरू (Research Question) बाट उत्तर खोज्ने प्रयास गरिएको छ ।

क) तपाईको परम्परागत पेशा के थियो/हो ?

ख) के कारणले तपाईले परम्परागत पेशा परिवर्तन गर्नुभयो ?

ग) अहिले तपाईले कुन पेशा अपनाउनु भएको छ ?

घ) परम्परागत पेशा र अहिलेको पेशामा कुन उपयुक्त लाग्यो ?

## १.४ अध्ययनको उद्देश्य

क) जलारी समुदायको परम्परागत र आधुनिक पेशा व्यवसायहरू खोजि गर्ने ।

ख) जलारी समुदायको पेशा व्यवसायमा आएको परिवर्तन र कारणहरू खोजी गर्ने ।

## १.५ अध्ययनको महत्व (औचित्य)

जलारी जाति नेपालको सिमान्तकृत जातिमा पर्दछ । नेपालमा रहेका ६० जनजाति मध्य जलारी पनि नेवार जातिको एक उपजातिको रूपमा रहेको छ । यो जाति वा समुदायको आफ्नै मौलिक भाषा, रहनसहन, चालचलन, रीतिरिवाज आदी रहेको पाइन्छ । तर वर्तमान समयमा विविध कारणबस जलारी समुदायको पेशामा पविर्तन आएको पाइन्छ । पहिला उनीहरू परम्परागत पेशा व्यवसाय गर्दै आएकोमा हाल आएर आधुनिक र नयाँ पेशा अपनाउँदै आएको पाइन्छ । त्यसकारण वर्तमान समयमा पेशा व्यवसायमा आएको परिवर्तन र त्यसका कारण पत्ता लगाउनु अर्थपूर्ण हुन्छ ।

## १.६ अध्ययनको सिमा

अनुसन्धान एक प्राज्ञिक विषय हो । यसमा समय, स्रोत, साधन, आर्थिक पक्षको महत्वपूर्ण प्रभाव पर्ने गर्दछ । कुनै पनि अध्ययन अनुसन्धानका आफ्नै सिमा र परिधिहरू रहेका हुन्छन् । साथै निश्चित भुगोल समावेश गरिएको हुन्छ । यो सामाजिक शास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको समाजशास्त्र विषयको सोधकार्य लेखनको आवश्यकता परिपूर्तीको लागि तयार गरिएको अध्ययन हो । यो अध्ययन निम्नलिखित पक्षमा मात्र सिमित छ ।

- नेपालको गण्डकी प्रदेशको कास्की जिल्ला अन्तर्गत पोखरा महानगरपालिका भित्र पर्ने फेवा जलाधार क्षेत्रका जलारी समुदायमा मात्र यो अध्ययन सिमित गरिएको छ । त्यसैले अन्य क्षेत्रमा यसको प्रभाव दुरुस्त नमिल्न सक्छ ।
- प्रारम्भिक अध्ययनबाट अध्ययनको क्षेत्रमा परम्परागत पेशालाई निरन्तरता दिइएका र नयाँ पेशा अपनाएका गरी २० जनाको नमुना छनौट गरी स्थलगत रूपमा वैयक्तिक अध्ययन गरिएको छ र प्रत्यक्ष अवलोकन गरिएको छ भने द्वितीय तथ्याङ्क विभिन्न पुस्तक, पत्रपत्रिका, जनरल, कार्यालय र संघसंस्थाहरूबाट संकलन गरिएको छ ।
- यस अध्ययन फेवा जलाधार क्षेत्रभित्र बस्ने जलारी समुदायका मानिसको अध्ययन भएकाले अन्यत्र सामान्यीकरण नहुन पनि सक्छ ।
- यस अनुसन्धानले समाजशास्त्र विषयमा सैद्धान्तिक आधार गर्न केही हदसम्म सहयोग गर्नेछ ।

## १.७ अध्ययनको संगठन

यस अनुसन्धानलाई खासगरी एक देखी छ अध्यायसम्म वर्गीकरण गरी संगठीत गरिएको छ । पहिलो अध्यायमा परिचय दिएको छ । जसमा अध्ययनको पृष्ठभूमि, सैद्धान्तिक साहित्यको अध्ययन, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व (औचित्य), अध्ययनको सीमा साङ्गठनिक संरचना रहेको छ ।

दोस्रो अध्यायमा सान्दर्भिक साहित्यको समिक्षा, पूर्व अध्ययनको पुनरावलोकन, अवधारणागत खाका, परिभाषिक शब्दावली रहेका छन् ।

तेस्रो अध्यायमा अनुसन्धान विधि रहेको छ । जस अन्तर्गत अध्ययन क्षेत्रको छनौट र औचित्य अनुसन्धान ढाँचा, अध्ययनको समग्रता र नमूना छनौट विधि, तथ्याङ्क संकलनका स्रोत र प्रकृति, प्राथमिक तथा तथ्याङ्क संकलनका विधिहरू, तथ्याङ्कको वैधता, तथ्याङ्कको प्रस्तुतीकरण एवम् विश्लेषण रहेका छन् ।

अध्याय चारमा अध्ययन क्षेत्रको भौगोलिक, सामाजिक र आर्थिक अवस्था, उत्तरदाताको जनसंख्याको अवस्था, शैक्षिक स्थिति, परम्परागत पेशामा परिवर्तन आउनुका कारणहरू, माछा माथिको निर्भरता घट्नुको कारण र पेशा परिवर्तनको लागि आकर्षक तत्वहरू रहेका छन् ।

अध्याय पाँचमा जलारी समुदायका परम्परागत पेशा व्यवासयहरू बारेमा रहेका  छन् ।

अध्याय छमा परम्परागत पेशामा आएको परिवर्तन र कारणहरूको अन्तर सम्बन्ध रहेको छ । जसमा परम्परागत पेशामा आएको परिवर्तन र आधुनिकीकरण र परम्परागत पेशामा आएको परिवर्तन र विश्वव्यापीकरण रहेको छ ।

अध्याय सातमा सारांश, निष्कर्ष र सुझाव रहेका छन् ।

# अध्याय दुई

# साहित्यको समिक्षा

## २.१ सान्दर्भिक साहित्यको समिक्षा

कुनै पनि अनुसन्धान कार्य गर्नु भन्दा अगाडी त्यसभन्दा अगाडी भएका वा सम्बन्धित विषयको बारेमा लेखिएका लेख, रचना, शोध तथा विभिन्न पत्रपत्रिकाहरूको सहायता लिनु आवश्यक हुन्छ । यस अध्ययनमा पनि स्वदेशी तथा विदेशी विद्वानहरू द्वारा नेपालमा जनजातिहरूको बारेमा वा जलारी जातिको बारेमा गरिएको अध्ययनका लेख रचना अध्ययन गरिएको छ ।

जल+आहरी अर्थात जलारी शब्द संस्कृत शब्द जल भन्नाले पानी र आहरी भन्नाले खोज्नु वा संकलन गर्ने भन्ने हुन्छ (क्षेत्री, २००६) । त्यस्तै जाल (नेट) को माध्यमबाट आहर वा खाना खोज्ने वा जालको माध्यमबाट आहारा खाज्ने र जीविकोपार्जन गर्ने भएकाले जलारी भन्ने थर रहन गएको पाइन्छ (क्षेत्री, २००६) ।

पोडे जातिको प्रमुख परम्परागत पेशा माछा मार्ने, टोकरी बुन्ने र मरेका जनावरको छाला काड्ने रहेको थियो (नेपाली, १९६५) । नेवारी समुदाय भित्र जोशीलाई मन्दीरको रूपमा र अन्य अशुद्ध जातिहरू कसही, पोडे र च्यामे मन्दीरको हेरचाह गर्ने जातिको रूपमा लिएको पाइन्छ (नेपाली, १९६५) ।

जलारी जातिलाई पोडे नामले पनि चिन्ने चिनाउने गरिन्छ । यस जातिका मानिसले आफुलाई पोडे भन्दा जलारी भनेको बढी राम्रो मान्दछन् । जलारी जातिका मानिसले जलारीका एल पोडे र यें पोडे गरी दुई वटा थर छन् भन्दछन् । एला पोडेले सुँगुर छुन्छन् साथै एला पोडे भन्दा यें पोडे ठुलो जाति मानिन्छ (डा. न्यौपाने, २०६९:३५-३७) ।

नेवारी समुदाय भित्र जोशीलाई मन्दीरको पुजारीको रूपमा र अन्य अशुद्ध जातिहरू कसही, पोडे र च्यामे मन्दीरको हेरचाह गर्ने जातिको रूपमा लिएको पाइन्छ (नेपाली, १९६५:१८६) । काठमाण्डौमा पोडेहरू नगरपालिकामा परम्परा देखि नै सफाई गर्ने वा कुचो लगाउने काम गर्दै आएका थिए जुन कि नगरपालिकाको प्रशासनिक क्षेत्रमा कतिपयले अझै पनि यो पेशा अपनाउँदै आएका छन् (क्षेत्री, २००६) ।

जलारी जातिको परम्परागत पेशा माछा मार्ने र त्यसैबाट जीविकोपार्जन गर्ने रहेको छ । परम्परागत रूपमा उनीहरूले कहिलकाँही ज्याला, मजदुरी, डुङ्गा चलाउने रहे पनि उनीहरूको मुख्य पेशा माछा मार्ने र माछा पालन गर्ने गरेको पाइयो । त्यसैकारणले उनीहरू नदी किनार, ताल तलैयाको किनारमा बसोबास गर्दै आएका छन् । तर हाल आएर विविध कारणबस उनीहरूको परम्परागत पेशामा परिवर्तन आएको पाइन्छ ।

अहिले आएर करेन्ट लगाएर माछा मार्ने, पानीमा विष हालेर माछा मार्ने र बढ्दो जल प्रदुषणका कारण पनि माछाको प्रजनन क्षमतामा ह्रास आएका कारण पनि माछा मार्ने पेशा संकटमा रहेको पाइयो ।

## २.२ पेशाको समाजशास्त्रीय अवधारणा

कुनै पनि व्यक्तिले जिवनयापनका लागि गरिने व्यवसाय तथा श्रमलाई पेशा भनिन्छ । व्यवसायका ज्ञान र लक्षित वर्गसँग केही अगाडी खाद्यान्नसँग सम्बन्ध राख्ने संस्थाको कुरामा व्यवसायसँग कम सम्बन्ध राख्ने कुराहरू छन् । जहाँ संस्थाहरू, समाज, अनुमतिपत्र इत्यादी व्यवसायिक विचार धारामा खोज प्रविधि अडिएको छ । प्रमुख तथा विश्लेषण चाहीँ हाल चलिरहेको पेशा वा व्यवसायमा रहन्छ । सिद्धान्तहरू समय र कालको परिवर्तनसँगै पेशामा पनि परिवर्तन हुन पुग्दछ (अबोट, १९९३:२०३) ।

अहिले विश्वभरी करिब २१,००० भन्दा बढी शीर्षकका पेशाहरू रहेका छन् (स्लोकम, १९६९:१४२) ।

पेशागत समाजशास्त्रमा रहेर विभिन्न कृति तथा लेखहरूमा व्याख्या गरिएको पाइन्छ । आर्थिक समाजवाद भनेको आर्थिक गतिविधिमा प्रयोग गरिएको सिद्धान्त हो । अमेरीकामा मिलियन मानिसहरू तलबरी श्रमीक छन् । लगभग आधाजसो पुरुषहरू आफ्नो घर सुधारमा लाग्दछन् । आफ्नो तलब बाहेक अन्य कुनै पनि गतिविधिमा आर्थिक क्रियाकलापमा पर्दैनन् । समाजवादीहरूले तलबी श्रमिकलाई प्राथमिकता दिएको पाइन्छ (अबोट, १९९३:२०४-२०५) ।

पेशागत सफलताको लागि प्राय मानिसहरूको औपचारिक भन्दा अनौपचारिक प्रयास गरिएको पाइन्छ । अनौपचारिक प्रयासका साथसाथै बृहत ज्ञानबाट मात्र पेशागत सफलता

हात पर्न जान्छ । निश्चित क्षेत्रको पेशा रोजगारमा सफलता हात पार्नको लागि निश्चित परमार्श पनि आवश्यक पर्ने गर्दछ (फ्रेइडम्यान एण्ड फ्रेइडम्यान, १९८७:२८७) ।

## २.३ पूर्व अध्ययनको पुनरावलोकन


कास्की जिल्लामा रहेका जलारीहरूको बारेमा विभिन्न अध्ययन भएका पाइन्छन् । अधिकारी भोलानाथ (२०११) Occupational Mobility and Alternation in the Indigenous Resource Management Practice of the Jalari Community of Pokhara Valley मा फेवाताल र यस आसपासका क्षेत्र जस्तै गाईघाट, नयाँबजार, फुर्सेखोला आदि क्षेत्रका जलारी जाति वा समुदायले आफ्नो परम्परागत पेशाको साथसाथै कसरी वैकल्पीक पेशालाई अंगालेका छन् भन्ने कुराको उल्लेख गरिएको पाइन्छ ।

त्यस्तै बास्तोला सत्यजिताले जलारी महिलाहरूको शैक्षिक अवस्थामा आएको परिवर्तन भन्ने त्रिभुवन विश्वविद्यालय अन्तर्गत पृथ्वीनारायण क्याम्पस मानविकी तथा समाजशास्त्र विभागमा (२०७१) मा दर्ता गरिएको अप्रकाशित शोधमा जलारी महिलाको शैक्षिक अवस्थामा आएको परिवर्तन शिर्षकमा खोज गरिएको छ ।

मैले फेवा जलाधार क्षेत्रका जलारी समुदायको परम्परागत पेशामा आएको परिवर्तन शिर्षकलाई लिएर फेवा जलाधार क्षेत्र भित्र मात्रै अध्ययन क्षेत्र बनाएर अध्ययन गरेको छु ।

## २.३ अवधारणागत खाका

उपरोक्त खाका अनुसार जलारी समुदायको पेशा परिवर्तनमा आधुनिकीकरण र विश्वव्यापीकरण, बाध्यकारी तत्व तथा आर्कषक तत्व आदीको प्रभावले पेशा परिवर्तन हुँदै गएको छ भन्ने देखाएको छ । पेशागत पक्ष स्वतन्त्र चल हो । यसलाई आधुनिकीकरण र विश्वव्यापीकरण आर्कषक तत्व र विर्कषक तत्व हस्तक्षेपी चलहरू हुन् भन्ने देखाइएको छ ।




## २.४ परिभाषिक शब्दावली

तियारी जाल = माछा मार्ने प्रयोग गरिने विशेष प्रकारको जाल ।

देखासिकी = अरुको नक्कल गर्ने काम ।

समय सापेक्ष = समय अनुसार वा समय सँगसँगै ।

सिमान्तकृत = विशेष प्राथमिकता दिनुपर्ने आवश्यकता रहेको ।

गुजारा = निर्वाह गरिदै आएको ।

चोबलिन = पानीमा वा खोलामा नदीनालामा भिज्ने काम ।

संकट उन्मुख = मासीन वा नासिन वा हराउन लागेको ।

जलाधार = चारैतिरबाट पानी बगी निश्चित क्षेत्रमा जम्मा हुने ठाउँ ।

जमाना = समय

भू-क्षय = जमिनमा रहेको माटो वर्षाको पानी वा विभिन्न कारणले बगाई अन्यत्र लैजाने प्रक्रिया

झुप्रो = परम्परागत तरिकाले निर्माण गरिएको खर, स्याउलाले छाएको सामान्य घर ।

# अध्याय तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्रको छनौट र औचित्य

यस अध्ययनको अध्ययन क्षेत्र पोखरा महानगरपालिका भित्र पर्ने फेवा जलाधार क्षेत्र रहेको छ । यस क्षेत्रमा विभिन्न जातजातीका मानिसहरू बसोबास गर्ने गर्दछन् । ति जातिको समुदायको आफ्नै खालको परम्परागत पेशा व्यवसाय रही आएको छ । तर कतिपयले आफ्नो परम्परागत पेशा छोडी नयाँ पेशा अपनाउँदै आएको पाइन्छ । ति मध्ये जलारी समुदाय पनि एक हो । अध्ययन क्षेत्र छनौट गर्नका कारणहरू र औचित्यका आधारहरू निम्नअनुसार रहेका छन् ।

- अध्ययन क्षेत्र पोखरा महानगरपालिका क्षेत्र भित्र पर्ने भएकाले जुनसुकै समयमा पनि फिल्डमा जान सकिने भएको हुँदा र यहाँ सधैँभरि यातायातको साधनहरू चल्ने भएकाले यस क्षेत्रको छनौट गरिएको हो ।
- पछिल्लो समयमा विभिन्न जातजातीका मानिसहरूले आफ्नो परम्परागत पेशा वा आफ्नो पुर्ख्यौली पेशा छोडी नयाँ पेशा अवलम्बन गर्दै आएकोमा जलारी समुदायका मानिसहरूले पनि आफ्नो परम्परागत पेशा छोडी नयाँ पेशा अवलम्बन गर्दै आएकोमा त्यसको कारण खोजि गर्नु सान्दर्भिक हुने भएकाले र यस क्षेत्रका जलारी समुदायका मानिसहरूमा त्यो प्रवृत्ति बढी भएकोले यस क्षेत्र छनौट गरियो ।

## ३.२ अनुसन्धानको ढाँचा

कुनै पनि अनुसन्धान कार्यमा अनुसन्धान पद्धति महत्वपूर्ण हुन्छ । अनुसन्धानमा उपयुक्त विधि अपनाई आफ्नो अध्ययनको उद्देश्य उन्मुख हुन अति आवश्यक छ । अनुसन्धानको विश्वसनियता र प्रभावकारीता कति छ भन्नको लागि त्यो अनुसन्धान कति व्यवस्थित विधिबाट गरिन्छ र त्यो विधि लक्षित उद्देश्य हासिल गर्न कति सार्थक रहन्छ भन्ने कुरामा भर पर्दछ । यस अनुसन्धानको मुख्य जोड जलारी समुदायको परम्परागत पेशामा आएको परिवर्तन र कारणहरू सम्बन्धी अध्ययन गर्नु रहेको छ । यस अध्ययन अन्तर्गत अनुसन्धान ढाँचा निम्नअनुसार रहेको छ ।

- यो अनुसन्धान मुख्यतया व्याख्यात्मक र वर्णनात्मक ढाँचामा आधारित छ । यसमा असंरचित अर्न्तवार्ता कार्यतालिका अन्तर्गत गहन अर्न्तवार्ता गरिएको छ ।
- अध्ययनको विषयवस्तु सम्बन्धी पहिचान भएका तथ्यहरूलाई विवरणात्मक तरिकाले प्रस्तुत गरिएको छ । यस अध्ययन गुणात्मक अनुसन्धानमा आधारित छ ।
- तथ्याङ्कहरूलाई आवश्यकता अनुसार विभिन्न तालिका मार्फत विश्लेषणात्मक तरिकाबाट प्रस्तुत गरिएको छ ।

## ३.३ अध्ययनको समग्रता र नमुना छनौट विधि

यस अध्ययनको क्षेत्र पोखरा महानगरपालिका स्थित फेवा जलाधार क्षेत्रमा रहेको छ । हर्पन फेवा मत्स्य सहकारीका अध्यक्ष ज्ञान बहादुर जलारीका अनुसार यस फेवा जलाधार क्षेत्रभित्र बस्ने जलारी समुदायको जनसंख्या ४५० जना रहेको र ९१ घरधुरी यस अध्ययनको समग्रता यस फेवा जलाधार क्षेत्रमा बस्ने जलारी समुदायका मानिसहरू रहेका छन् भने पुरानो पेशा अपनाएका र नयाँ पेशा अवलम्बन गरेकालाई उद्देश्यपूर्ण नमुना छनौट र स्नोबल नमुना छनौट विधि प्रयोग गरी ६ जना पुरानै पेशा अपनाएका र १४ जना नयाँ पेशा अपनाएका गरी जम्मा २० जनाको विस्तृत रूपमा वैयक्तिक अध्ययन गरिएको छ ।

## ३.४ तथ्याङ्क संकलनका स्रोत र प्रकृति

तथ्याङ्कको संकलनको हकमा जलारी समुदायका परम्परागत पेशा अपनाएका र पेशा परिवर्तन गरेका मानिसहरू आधिकारीक संघसंस्थाहरू, सरकारी निकायहरू जस्तै; केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय आदिबासी जनजाती आयोग प्रतिवेदन, जर्नलहरू, लेखहरू तथा शोधपत्रहरू रहेका छन् ।

अनुसन्धान फेवा जलाधार क्षेत्रभित्र आधारित रहेको छ । अनुसन्धानमा रहेको उद्देश्य प्राप्ति गर्नको लागि सही तथ्याङ्क संकलन र विश्लेषण हुनुपर्दछ । अनुसन्धानको गहिराई र गहनता पुरा गर्न सम्भव भएसम्म विश्वासयोग्य स्रोतहरूलाई मात्र तथ्याङ्कको रूपमा लिइएको छ । यस शोधकार्यमा गुणात्मक विधिबाट अध्ययन गरिएको छ ।

यस तथ्याङ्कमा लिइने तथ्याङ्कहरू विशेषत दुई तरिकाबाट लिइएको छ ।

क) प्राथमिक स्रोत

ख) द्वितीय स्रोत

## ३.५ प्राथमिक स्रोत तथा तथ्याङ्क संकलनका विधिहरू

यो अनुसन्धान कार्य सञ्चालन गर्नको लागि उत्तरदाताहरूबाट निम्न विधि प्रयोग गरी अध्ययन गरिएको छ ।

### ३.५.१ वैयक्तिक अध्ययन

प्राथमिक तथ्याङ्क संकलनका लागि अध्ययन क्षेत्रमा सिधै पुगेर अध्ययनको उद्देश्यसँग मेल खाने गरी परम्परागत पेशामा आएको परिवर्तन र कारणहरू बारेमा विस्तृत रूपमा अध्ययन गरिएको छ र उत्तरदाताले भनेका कुरालाई रेकर्ड पनि गरिएको छ । वैयक्तिक अध्ययन गर्नुको उद्देश्य अध्ययनलाई अझ छर्लङ्ग र प्रष्ट पार्नको लागि हो । यस अध्ययनमा परम्परागत पेशामा आएको परिवर्तनका कारणहरूबारे अध्ययन गर्ने सिलसिलामा परम्परागत पेशा अपनाएका र नयाँ पेशा अपनाएका गरी जम्मा २० जनालाई छनौट गरिएको छ । जसमा ६ जना परम्परागत पेशा अपनाएका र १४ जना नयाँ पेशा अपनाएका व्यक्तिहरू रहेका छन् ।

### ३.५.२ असहभागी अवलोकन

प्राथमिक तथ्याङ्क संकलनका साधनहरूमध्ये अवलोकन पनि एउटा महत्वपूर्ण विधि हो । छनौट गरिएका उत्तरदाताहरूको अप्रत्यक्ष असहभागी अवलोकन मार्फत उनीहरूको गतिविधि, चालचलन, रहनसहन, रितिरिवाज, लवाईखवाई आदिको अप्रत्यक्ष असहभागी अवलोकन गरेर अध्ययनको विषयवस्तुलाई अझ सार्थक तुल्याइएको छ ।

## ३.६ तथ्याङ्कको वैधता

वैधता एउटा मापन वा मूल्याङ्कन हो । यसमा नियन्त्रित अनुसन्धान विधिको प्रयोग गरिनेछ । बारम्बार सोधिने प्रश्नहरू र सान्दर्भिकतालाई ख्याल राखिएको छ । अध्ययनको वैधताको लागि संकलित तथ्याङ्कहरूलाई द्वितीय स्रोतका तथ्याङ्कसँग तुलना गर्दै कायम

गरिएको छ । साथै वैयक्तिक अध्ययनबाट आएका भनाइहरूलाई वैधता प्रदान गर्नको लागि अध्ययनमा छनौट भएका व्यक्तिहरू र अन्य समुदायका व्यक्तिहरूसँग पनि अनौपचारीक रूपमा सोधपुछ गरिएको छ । व्यक्तिगत र सामाजिक नैतिक विषयलाई ख्याल राख्दै अनुशासित रूपमा तथ्याङ्क लिइएको छ । कुनै पनि व्यक्तिको जिवनमा आँच आउने उनीहरूको इच्छा विपरीत हुने गरी विषयवस्तु उठान गरिएको छैन ।

## ३.७ तथ्याङ्कको प्रस्तुतिकरण एवम् विश्लेषण

यस शोध कार्यमा गुणात्मक तथ्याङ्कको प्रयोग गरिएको छ । शोधपत्रको उद्देश्यसँग सम्बन्धित भएर संकलित विभिन्न किसिमका तथ्यहरूको प्रकृति अनुसार वर्गीकरण गरी गुणात्मक तथ्यलाई विश्लेषणात्मक रूपमा व्याख्या गरिएको छ ।

विश्लेषण गर्दा संकलित मामिला अध्ययनहरू अध्ययनको उद्देश्य अनुरूप भए नभएको हेर्ने र मिलाउन, पर्याप्तताको बारेमा मूल्याङ्क गर्ने, विश्वसनियताको आधार खोज्ने कार्य गरी सम्पादन गरिएको छ ।

अध्ययनको क्रममा संकलित विषयवस्तुलाई विवेचनात्मक रूपमा व्याख्या गरिएको छ भने तथ्यहरूलाई आवश्यकता अनुसार तालिकाद्वारा तथ्यलाई देखाइएको छ ।

# अध्याय चार

# उत्तरदाताको सामाजिक र जनसाङ्ख्यिक विवरणहरू

## ४.१ अध्ययन क्षेत्रको सामाजिक अवस्थीति

यस शोधपत्रले गण्डकी प्रदेश पोखरा महानगरपालिका अन्तर्गत फेवा जलाधार क्षेत्रमा बसोबास गर्ने जलारी समुदायलाई लिएको छ । पोखरा एउटा भौगोलिक विविधता र सुन्दरताले भरिएको एक राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्व बोकेको पर्यटकीय गन्तव्य स्थल पनि हो । यही पोखरामा रहेको फेवाताललाई र फेवा जलाधार क्षेत्र पर्यटकीय हिसाबले र प्राकृतिक सुन्दरताको हिसाबले भरिपूर्ण रहेको छ । फेवा जलाधार क्षेत्रको क्षेत्रफल १२२.५३ वर्ग कि.मि. रहेको छ ।

यस जलाधार क्षेत्रमा विभिन्न जातजातिका मानिसहरू बसोबास गर्दै आएका छन् ति मध्ये जलारी जाति पनि एक हो । यस जातिका मानिसहरू परम्परागत रूपमा यस फेवाताल किनारमा बसोबास गर्दै आएका छन् । उनीहरूको मुख्य जिवनयापनको स्रोत यस फेवाताल रहेको छ र उनीहरू यस फेवातालमा आश्रीत रहेका छन् । मानव विकास प्रतिवेदन अनुसार कास्की जिल्ला आर्थिक रूपले सम्पन्न जिल्लाको रूपमा रहेको छ । नेपालको राजधानी काठमाण्डौ देखि करिब २०० कि.मि. पश्चिममा रहेको यस फेवा जलाधार क्षेत्र जैविक विविधताको हिसाबले सम्पन्न रहेको छ । फेवातालको पानीको स्रोतको रूपमा रहेको हर्पन र अधेरी खोलाले भूक्षय गराई फेवाताल पुर्ने क्रम जारी रहेकोले कतै फेवातालको अस्तित्व नै संकटमा पर्ने त होइन भन्ने चिन्ता रहेको अवस्था छ ।

## ४.२ उत्तरदाताको जनसंख्याको अवस्था

जनसंख्या विशेषताको आधारमा मानिसको बुझाई र जानकारीलाई प्रभाव पारेको हुन्छ । समाजमा विभिन्न कारणले पेशा परिवर्तीतमा सघाएको हुन्छ । त्यसकारण समाजमा बस्ने मानिसहरू वा जलारी समुदायका मानिसहरू पनि आफ्नो परम्परागत पेशामा आएको परिवर्तन र त्यसका कारणहरूबारे उल्लेख गरिएको छ ।

यस अन्तर्गत लिङ्ग, उमेर, पेशा, शिक्षा, धर्मका आधारमा उत्तरदाताको विवरण प्रस्तुत गरिएको छ ।

अध्ययन क्षेत्रमा प्रत्यक्ष रूपमा वैयक्तिक अध्ययन गरिएका २० जना छन् । उमेर र लिङ्गको आधारमा उत्तरदाताको विवरण तल उल्लेख गरिएको छ :

**तालिका ४.१**

**उमेर र लिङ्गको आधारमा उत्तरदाताको जनसंख्याको विवरण**

| उमेर समुह | लिङ्ग | | | | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | | महिला | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ३० वर्ष सम्मका | ३ | १८.७५ | १ | २५ | ४ | २०.०० |
| ३० देखि ४० वर्ष | ३ | १८.७५ | १ | २५ | ४ | २०.०० |
| ४० देखि ५० वर्ष | ४ | २५ | २ | ५० | ६ | ३०.०० |
| ५० देखि ६० वर्ष | १ | ६.२५ | - | - | १ | ५.०० |
| ६० देखि ७० वर्ष | ४ | २५ | - | - | ४ | २०.०० |
| ७० वर्ष भन्दा माथिका | १ | ६.२५ | - | - | १ | ५.०० |
| जम्मा | १६ | १०० | ४ | १०० | २० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*

माथिका तालिकामा ४० देखि ५० वर्ष भित्रका उत्तरदाता बढी छन् । यस उमेर समुहभित्र ६ जना रहेका छन् जसमा पुरुष ४ जना र महिला २ जना रहेका छन् । यस उमेर समुहको ३० प्रतिशत रहेको छ । २० देखि ३० वर्ष भित्रका उत्तरदाता ४ जना रहेका छन् जसमा पुरुष ३ जना र महिला १ जना रहेका छन् । यस समुहको २० प्रतिशत रहेको छ । ५० देखि ६० वर्ष भित्रका उत्तरदाता १ जना रहेका छन् जसमा पुरुष मात्र छन् । ६० देखि ७० वर्ष भित्रका उत्तरदाता ४ जना रहेका छन् जसमा पुरुष मात्र छन् । ७० वर्ष भन्दा माथिका १ जना रहेका छन् जसमा पुरुष मात्र छन् ।

## ४.३ शैक्षिक स्थिति

मानिसको जीवन चर्यालाई उज्यालो संसारमा परिणत गराउने एक प्रमुख साधन शिक्षा हो । शिक्षाले प्रत्येक जनमानसमा जनचेतनाको अभिवृद्धि गराई विकासको अवयवहरू

पत्ता लगाउन निर्णयगामी भुमिका खेल्दछ । नेपालमा जनगणना २०६८ का अनुसार साक्षर जनसंख्या ६५.०९ प्रतिशत रहेको छ ।

पोखरा महानगरपालिका भित्र पर्ने यस फेवा जलाधार क्षेत्रमा यस जलारी समुदायको साक्षरता प्रतिशत मध्यम देखिन्छ । अध्ययन क्षेत्रको उत्तरदाताहरूमा के कस्तो शैक्षिक अवस्था छ भनि गरेको अध्ययनको विस्तृती निम्नानुसार छ :

**तालिका ४.२**

**शिक्षा र लिङ्गका आधारमा उत्तरदाताको शैक्षिक विवरण**

| शिक्षा | लिङ्ग | | | | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | | महिला | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| निरक्षर | ३ | १८.७५ | - | - | ३ | १५ |
| साक्षर | १० | ६२.५ | ४ | १०० | १४ | ७० |
| एस.एल.सि. | २ | १२.५ | - | - | २ | १० |
| +२ भन्दा माथि | १ | ६.२५ | - | - | १ | ५ |
| जम्मा | १६ | १०० | ४ | १०० | २० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*

माथिको तालिकामा शुरुमा निरक्षरको अवस्था कम देखिन्छ । अध्ययन क्षेत्रका उत्तरदाता निरक्षर ३ जना रहेका छन् भने जसमा तिनै जना पुरुष रहेका छन् । अध्ययन क्षेत्रका उत्तरदातामध्ये साक्षरको संख्या बढी रहेको छ जसमध्ये १४ जना साक्षर रहेका छन् भने ति मध्ये ४ जना महिला र १० जना पुरुष रहेका छन् । जसमा उत्तरदाता मध्ये साक्षर ७० प्रतिशत रहेको छ । त्यसपछि एस.एल.सि. उत्तिर्ण गरेका २ जना रहेका छन् भने ति मध्ये २ जना पुरुष रहेका छन् । +२ उत्तिर्ण गरेका १ जना रहेका छन् जसमा १ जना अर्थात ५ प्रतिशत पुरुष रहेका छन् ।

महिला र पुरुषको साक्षरता अन्तर त्यत्ति बढी देखिदैन यस समुदायमा जनचेतना अभाव वा पढ्नु पर्दछ भन्ने चेतनाको कमि आदी कारणले पनि मानिसहरू त्यत्ति शिक्षित

नदेखिएका हुन् । बजारी एरिया भए पनि शिक्षामा पहुँच नभएर भन्दा पनि वर्तमान अवस्थामा शिक्षामा रुचि नराखेर यस्तो समस्या भएको पाइन्छ ।

## ४.४ जलारी समुदायका परम्परागत पेशा व्यवसायहरू

नेपाल एक बहुभाषिक, बहुजातिय र बहुसाँस्कृतिक विविधता भएको राष्ट्र हो । यहाँ १२५ जातिका मानिस बसोबास गर्ने गर्दछन् भने कतिपय जातिहरूको परम्परागत पेशामा परिवर्तन आएको पाइन्छ । त्यो मध्ये जलारी जातिको पनि परम्परागत पेशामा परिवर्तन आएको छ । जलारी जातिले परम्परागत रूपमा विभिन्न पेशा व्यवसाय गर्ने गरेकोमा ती पेशा व्यवसाय निम्न अनुसार तलको तालिकामा देखाइएको छ :

**तालिका ४.३**

**जलारी समुदायका मानिसका परम्परागत पेशा व्यवसायहरू**

| परम्परागत पेशा व्यवसायहरू | पुरुषले गर्ने काम | महिलाले गर्ने काम |
|---|---|---|
| माछा मार्ने | घन हान्ने, जाल हान्ने, दुवालो थुन्ने | पाती काट्ने, कुडुल्नो थाप्ने, पाती कुट्ने |
| जाल बुन्ने | जाल बुन्ने | जालको धागो मिलाउने |
| डुङ्गा चलाउने | डुङ्गा चलाउने | - |
| कृषि मजदुर हिउँदे | धान काट्ने, पराल बोक्ने, धान बोक्ने | धान काट्ने, पराल बोक्ने, धान बोक्ने |
| कृषि मजदुर वर्षे | हलो जोत्ने, खेत खन्ने | धान रोप्ने, धानको बिऊ काड्ने, खेत रोप्ने |
| भारी बोक्ने | ढुङ्गा, गिट्टी, बालुवा, सिमेन्ट बोक्ने | ढुङ्गा, गिट्टी, बालुवा, सिमेन्ट बोक्ने |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*

जलारी समुदायका परम्परागत पेशा व्यवसायमा विभिन्न पेशा व्यवसायहरू रहेको पाइयो । ति मध्ये माछा मार्ने पेशामा पुरुष र महिलाको काम पनि वा भुमिका पनि फरक फरक रहेको पाइयो । पुरुषले घन हानी माछा मार्ने, दुवालो थुन्ने र जाल हान्ने काम गर्दछन् भने महिलाले उक्त क्रममा पाती काट्ने, कुडुल्लो थाप्ने र पाती कुट्ने गरेको पाइयो ।

माछा मार्ने जाल बुन्ने क्रममा पुरुषले जाल बुन्ने र महिलाले उक्त कार्यमा सघाउने गरेको पाइयो । त्यस्तै डुङ्गा चलाउने क्रममा पुरुषले डुङ्ग चलाई यात्रु तार्ने गरेको पाइयो ।

कृषि मजदुरको रूपमा काम गर्ने क्रममा हिउँदे कृषि मजदुरको रूपमा काम गर्दा पुरुषले धान र परालको भारी बोक्ने गर्ने गरेकोमा महिलाले धान काट्ने पराल र धानको भारी बोक्ने गरेको पाइयो ।

वर्षे कृषि मजदुरको रूपमा काम गर्दा पुरुषले खेत खन्ने र जोत्ने गर्ने गरेकोमा महिलाले खेत गोड्ने, धान रोप्ने र बिऊ काड्ने गर्ने गरेको पाइयो । भारी बोक्ने काम गर्ने गरेकोमा पुरुषले निर्माण क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा, सिमेन्ट बोक्ने गरेको पाइयो भने महिलाले पनि उक्त काम गर्ने गरेको पाइयो ।

जलारी समुदायका परम्परागत पेशा व्यवसायहरूमा माछा मार्ने, जाल बुन्ने, डुङ्गा चलाउने, कृषि मजदुर हिउँदे, कृषि मजदुर वर्षे, भारी बोक्ने आदि रहेका छन् । उत्तरदाताको वैयक्तिक अध्ययन अनुसार उनीहरूले विभिन्न पेशा व्यवसाय गर्ने गरेको पाइयो र प्रायजसोको एउटै भनाई रहेको पाइयो ।

**वक पत्र-१**

*हाल म ६८ वर्षको भए । म विगत ५५ वर्ष देखि माछा मार्ने पेशा गर्दै आएको छु । मेरो जन्म २००७ सालमा पामेमा भएको हो । मेरो बाबाको नाम सन्त बहादुर जलारी हो भने आमाको नाम मंगली जलारी हो ।*

*बुबाले पनि माछा मार्ने काम गर्नुहुन्थ्यो । स्कूल जाने चलन थिएन बाबु हाम्रो पालामा त्यसै त हाम्रो जाति पढाईमा कमजोर छन् । बाहुन, क्षेत्रीहरू त कता कति पढ्दथे, नजिकै स्कूल थिएन र टाढा गएर पढ्ने हाम्रो जातिको चलन पनि थिएन र पढ्ने अवस्था पनि थिएन । मैले १२-१३ वर्षको अवस्थाबाट काममा र माछा मार्ने पेशामा लाग्न थाले । बुबाले स्वास्नी ल्याउँदै छोड्दै गर्ने भएकोले सानोमा दुःख पाइयो र सानै उमेरबाट काम गर्न थाले । मेरो विवाह म २५ वर्षको हुँदा भयो । मेरो श्रीमती मल भन्दा १ वर्ष जेठी छिन् । बाले २ माना चामल र २ माना पिठो दिएर छुट्टाएका हुन् । स्याउला र खरको झुप्रोमा बसेर दुःख का साथ दिन काटीयो कहिले काँहि माछा नर्पदा दोकानबाट बाँकी ल्याएर भोलि माछा परेपछि दिउँला भनेर पनि छाक टारीयो । खेत गोड्न पनि हिँडियो । कहिले काँहि बालुवा बोक्ने काम पनि गरियो के गर्ने खानाको लागि दुःख गर्नै पर्ने रहेछ ।*

*स्याउलाको र खरको झुप्रोमा कुचुक्क खाना पकाउने सुत्ने पनि एकै ठाउँमा थियो । कहिलेकाँही माछा पनि नपर्दा र दोकानले बाँकी पनि नपत्याउँदा र अरु काम पनि नपाउँदा भोकै पनि सुत्नुपथ्र्यो । पहिला हाते जाल र फुर्लुङ्ग लिएर खोला खोला डुल्नु पर्दथ्यो । रात बेल नभनी पानीमा डुल्नु पर्दथ्यो । कहिलेकाँही खोलाले बगाउँछ कि भन्ने पिर हुन्थ्यो । बढेको भेलमा रात दिन नभनी हेलिएर जाल हान्नु पर्दथ्यो । वि.सं. २०३२ सालमा मत्स्य अनुसन्धान केन्द्रले तियारी जालको सुविधा दिएपछि सजिलो भएको छ ।*

*बेलुका तीन बजे जाल थाप्न गयो बिहान ५ बजे जाल निकाल्यो अहिले त्यति गाह्रो छैन । म १२-१३ वर्षबाट माछा मार्ने र अन्य काम पनि गर्न थालेको हो । मुख्यत हाम्रो पेशा जाल थाप्ने नै हो । पहिले फेवाताल ठुलो थियो अहिले पुरिएर भएको छ । पहिल्यै ताल खर चङ्खपुर भन्दा माथि सम्मको थियो तर अहिले धेरै पुरिई सकेको छ । तालमा माछा पनि त्यति पाँइदैन अहिले हाम्रो पेशा संकटमा छ ।*

कतिपयको परम्परागत पेशा माछा मार्ने रहेको र उक्त माछा मार्ने प्रविधिमा समय सापेक्ष परिवर्तन पनि हुँदै आएको पाइयो । पहिला हाते जालबाट माछा मार्ने गरेकोमा अहिले तियारी जथालको प्रयोग गरी माछा मार्ने गरेको पाइयो । कतिपयको परम्परागत पेशा जाल बुन्ने पनि रहेको थियो र उनीहरूले थापा गाउँमा गई पाटे सिस्नो ल्याएर त्यसलाई पकाएर कुटी धागो निकाली जाल बुन्ने गरेका थिए ।

**वक पत्र १३**

*हाल म ४६ वर्षकी भए मेरो जन्म २०३० सालमा नयाँबजारमा भएको हो । मेरो बाबाको नाम रामे जलारी हो भने आमाको नाम हरीकला जलारी हो । मेरो १६ वर्षको उमेरमा विवाह भयो अहिले एक छोरा र एक छोरी छन् । श्रीमान् विदेश हुनुहुन्छ मैले किराना पसल गर्न थालेको ४ देखि ५ वर्ष भयो । श्रीमान् विदेश गएको चाँही १० वर्ष भयो । अहिले छोराछोरी पढ्दै छन् मैले किराना पसल गरेकी छु । श्रीमानले कमाएको रकम बचत हुन्छ पसलको कमाइले घर खर्च चल्छ ।*

*पहिला श्रीमानले माछा मार्नुहुन्थयो कहिलेकाँही परम्परागत तरिकाले पेशा गर्दा जीविकोपार्जन सहज हुन छोड्यो केज बनाएर माछा पाल्न सकिएन ताल पुरिदै गयो तालमा माछाको संख्या पनि घट्न थाल्यो ताल पनि दुर्षित हुन थाल्यो । यहाँ बस्नु भन्दा विदेश जानु भयो अहिले छोराछोरी पनि बोडिङ्ग स्कुल पढ्छन् । मैले पनि त्यत्तिकै बस्नुभन्दा किराना पसल सुरु गरे अहिले पहिला भन्दा राम्रो छ । अहिलेको पेशा सजिलो पनि छ र सुखी पनि छ । झरी बादल भन्नु नपर्ने पसलमा बस्यो सजिलो छ । मेरा सन्ततिले पनि भविष्यमा अन्य नयाँ पेशा अपनाए हुन्थयो । अहिले हामी दुवै जनाको कमाईले घर परिवार राम्रोसँग चलेको छ । बचत भएको पैसाले हामीले यही खपौदीमा ४ आना घडेरी पनि लिएका छौं । सबै हिसाबले गर्दा परम्परागत पेशाको तुलनामा नयाँ पेशा नै उत्तम र उपयुक्त लाग्छ । ताल पुरीदै गएको हुनाले अब माछा मारेर जीविका चलाउन पनि गाह्रो छ ।*

कतिपय उत्तरदाताका अनुसार केही उत्तरदाताको परम्परागत पेशा डुङ्गा चलाउने पनि रहेको थियो । बैदाम-पामे ग्रामिण खण्ड नबनुन्जेलसम्म तालमा डुङ्गा चलाएर यात्रु तार्ने काम गरेको पाइयो र उक्त सडक खण्ड बनेपछि भने पेशा संकटमा परेको पाइयो र उक्त पेशा छोडी माछा मार्ने पेशा मात्र गरेको पाइयो ।

**वक पत्र-३**

*हाल म ६५ वर्षको भए म विगत देखि वा काम गर्न सक्ने भएदेखि माछा मार्ने काममा निरन्तर लागि रहेको छु । मेरो जन्म २०११ सालमा नयाँबजारमा भएको थियो । मेरो बाबाको नाम गज बहादुर जलारी हो भने आमाको नाम गोरी माया जलारी हो । छोराछोरी धेरै भएका हुनाले पढ्ने मौका पाइएन त्यसै पनि हाम्रो पालामा पढ्ने चलन थिएन स्कुल थिएन कता कति मात्र थिए । हाम्रो जातिका पढ्न जानेका थिएनन् वा पढ्ने चलन थिएन । म ८-९ वर्षको हुँदा हाम्रो बाबा-आमा नयाँबजार बसाईसरी यहाँ खपौदिमा आएर बसेका हुन् हाम्रो बाबाले पहिला बिहान-बेलुका जाल हान्ने माछा मार्ने र दिउँसोमा डुङ्गा चलाएर पामेबाट पोखरा जाने आउने यात्रुलाई डुङ्गाको माध्यमबाट तार्ने काम गर्नुहुन्थ्यो । पछि म पनि काम गर्न सक्ने भए देखि बाबासँगै माछा मार्न जाने र डुङ्गामा यात्रु तार्ने काम गर्न थाले । मेरो विवाह २० वर्षको उमेरमा भएको हो । मेरो विवाह गर्दा हाम्रो घर खरको झुप्रो थियो अहिले टिनको छाना भएको घरमा  बस्छौं ।*

*मेरा अहिले २ छोरा १ छोरी छन् ति सबैको विवाह भइसक्यो । छोराहरू दुवै जना विदेश छन् । म अझै पनि माछा मार्दै आएको छु । फरक यति छ पहिला हाते जालले माछा मारिन्थ्यो भने अहिले तियारी जालले माछा मार्फत् माछा मारिन्छ । हर्पन खोलामा आउने बाढी हाम्रा लागि अभिशाप बन्ने गर्दछ । २०७२ सालको बाढीले हाम्रा २००-३०० केज नष्ट बनायो मेरो विचारमा फेवाताल पनि १० प्रतिशत पुग्यो होला । अहिले हाम्रो माछा मार्ने पेशा पनि संकटमा छ । वर्षेनी फेवाताल पुरिदै छ । तालको मुहानमा विषादी र करेन्टको प्रयोग गरी माछा मारिन्छ यस कारणले पनि माछाको प्रजनन क्षमतामा ह्रास आउन थालेको छ । हामीले मात्र माछा मार्न पाइन्छ भन्ने छैन अरु जाति जस्तै यस तालको आसपासमा रहने गुरुङ्ग लगायतले पनि माछा मार्ने गर्छन् । अर्को कुरा जलारी जातिको पनि जनसंख्या बढ्दै छ । तराई र भारतबाट आउने माछा भन्दा हामीले मारेको माछाको मुल्य बढी हुन्छ ।*

शिक्षा र प्रविधिको विकाससँगै जलारी समुदायको परम्परागत पेशामा पनि परिवर्तन आएको पाइन्छ । मैले १२ कक्षासम्म अध्ययन गरेको छु । यस क्षेत्रमा थुप्रै रेष्टुरेन्टहरू भएको र पर्यटकीय क्षेत्र पनि भएको हुनाले फ्रेस हाउस लगायत अन्य पेशा व्यवसायहरू पनि सञ्चालनमा जलारी समुदायका मानिसहरू लागिरहेका छन् । हाम्रो बाबुबाजेको पालामा झुप्रोमा बसिन्थ्यौं भने अहिले ढलान घरमा बसिन्छ । प्रायजसो जलारीहरूको केज रहेको छ । जसको केज छैन तिनिहरूको आम्दानी राम्रो छैन ।

**वक पत्र-१९**

*हाल म ३० वर्षको भए । विगत ६ वर्ष देखि फ्रेस हाउस गर्दै आएको छु । मेरो जन्म २०४६ सालमा खपौदीमा भएको हो । मेरो बाबाको नाम गणेश बहादुर जलारी हो भने आमाको नाम हिरा जलारी हो । मैले १२ कक्षासम्म मात्र अध्ययन गरेको छु ।*

*पहिले सानोमा स्कुल गइयो त्यसपछि स्कुल छोडेपछि केही वर्ष माछा मार्ने काम गर्न थाले त्यसपछि फ्रेस हाउस खोलेर बसीयो यस क्षेत्रमा रेष्टुरेन्ट धेरै भएकाले माछा, मासु प्रशस्तै बिक्री हुन्छ । पहिला माछा मार्दा जीवनयापन गर्न असहज भएको हुनाले मैले पछि फ्रेस हाउस गर्न थाले । फ्रेस हाउसमा कुखुरा, राँगाको मासु साथसाथै माछा पनि पाइन्छ । अहिले दैनिक राम्रै व्यापार हुन्छ । पहिला हाम्रा बाउ बाजेले माछा मार्नको लागि खोलानाला धाउने गर्दथे । हाम्रो बुबाको पालामा पाटिका झुप्रोमा बसिन्थ्यो भने अहिले ढलान घरमा बसिन्छ । तालमा आफ्नो केज हुनेको त आम्दानकिो स्रोत राम्रो छ । जसको केज छैन तिनीहरूको आम्दानी राम्रो छैन । तैपनि अहिले ताल पुरीदै गएको छ । तालको पानी प्रदुषित छ । जसको कारण तालको पानीमा माछाको लागि प्रतिकुल बन्दै गएको छ । त्यसकारण माछा मार्ने पेशा पनि संकटउन्मुख छ । त्यसैले पनि माछा मार्ने पेशा छाडी नयाँ पेशातर्फ आधुनिक पनि भयो पानीमा चोबलीन नपर्ने खोलाले बगाउला भन्ने डर भएन र सहज पनि छ । त्यसकारण मलाई त नयाँ पेशा नै उपयुक्त छ । यहि पेशालाई निरन्तरता दिने सोच बनाएको छु ।*

**क) माछा मार्ने**

यस मुद्दामा अध्ययन गर्ने क्रममा कतिपय उत्तरदाताहरूले परम्परागत पेशाको रूपमा माछा मार्ने पेशा गरेको पाइयो । घटना (१, २, ३, ७, ९, १०, ११, १२, १४, १६, १७, १८, १९, २०) जसमध्ये घटना (१, ३, १०, ११, १२, २०) ले पहिले देखि नै माछा मार्ने काम गर्दै आएको र अहिले पनि माछा मार्ने गरेको पाइयो । घटना १ ले सानै उमेर देखि माछा मार्ने काम गरेको र पहिले हाते जालले माछा मार्ने गरेकोमा अहिले पनि प्राय हाते जालको प्रयोग गर्ने गरेको पाइयो । घटना ३ ले भन पहिले परम्परागत हिसाबले माछा मार्ने गरेकोमा अहिले आधुनिक हिसाबले माछा मार्ने गरेको पाइयो । अथवा परम्परागत हाते जालको सट्टामा तियारी जालको प्रयोग गर्ने गरेको पाइयो । घटना २० ले पनि पिंजडामा माछा पालन गर्ने गरेको पाइयो र तियारी जालको प्रयोग गरी माछा मार्ने गरेको पाइयो ।

घटना १२ अनुसार मैले अहिले हाम्रो परम्परागत पेशालाई आधुनिक तरिकाबाट गर्ने प्रयत्न गरेको छु । घटना १८ ले पहिले माछा मार्ने गरेको र अहिले वैदेशिक रोजगारीमा

रहेको पाइयो । त्यस्तैगरी घटना १९ ले पहिले माछा मार्ने गरेकोमा अहिले फ्रेस हाउस संचालन गरेको पाइयो । घटना १७ का अनुसार पहिले माछा मार्ने पेशा गरेको र अहिले उक्त पेशा छोडी फ्रेस हाउस सञ्चालन गरेको पाइयो । घटना १६ का अनुसार पहिले माछा मार्ने पेशा गरेकोमा अहिले यति यअर लाइन्समा जागिर गर्ने गरेको पाइयो ।

**ख) जाल बुन्ने**

यस मुद्दामा अध्ययन गर्ने क्रममा कतिपय उत्तरदाताहरूले परम्परागत पेशाको रूपमा जाल बुन्ने पेशा गरेको पाइयो । घटना (१०, ११) का अनुसार उनीहरूले आफ्नै घरमा हाते जाल निर्माण गर्ने गरेका थिए । अहिले जस्तो तियारी जाल नहुने अवस्थामा आफैले थापा गाउँ तिर गई पाटे सिस्नो ल्याएर त्यसलाई पकाई पिटेर धागो निकाली हाते जाल बुन्ने गरेका थिए ।

**ग) डुङ्गा चलाउने**

यस मुद्दामा अध्ययन गर्ने क्रममा कतिपय उत्तरदाताले परम्परागत पेशाको रूपमा डुङ्गा चलाउने गरेका थिए । घटना (३, ११) का अनुसार बैदाम-पामे ग्रामीण सडक खण्ड नबनुन्जले तालमा डुङ्गा चलाएर यात्रु तार्ने काम गरेको पाइयो पछि बैदाम-पामे सडक खण्ड बनेपछि (निर्माण पछि) र मोटर चल्न थालेपछि उक्त पेशा पनि परिवर्तन गर्नुपरेको वा उक्त पेशा छोडी माछा मार्ने पेशामा मात्र सिमित हुनुपरेको कुरा बताएका छन् ।

**घ) कृषि मजदुर**

यस मुद्दामा अध्ययन गर्ने क्रममा कतिपय उत्तरदाताले परम्परागत पेशाको रूपमा कृषि मजदुरको रूपमा काम गर्ने गरेको पाइयो ।

घटना (१, ९) मध्ये घटना १ ले पहिला परम्परागत पेशाको रूपमा कृषि मजदुरको रूपमा काम गर्ने गरेको पाइयो र अहिले माछा मार्ने काम मात्रै गर्ने गरेको पाइयो त्यस्तै घटना ९ ले पहिला कृषि मजदुरको रूपमा काम गर्ने गरेकोमा अहिले जुस पसल गरेको पाइयो ।

**ङ) भारी बोक्ने**

यस मुद्दामा अध्ययन गर्ने क्रममा कतिपय उत्तरदाताले परम्परागत पेशाको रूपमा भारी बोक्ने काम गर्ने गरेको वा निर्माण हुने ठाउँमा मालसामान ढुवानी गर्ने गरेको वा निर्माण सामग्री बोक्ने गरेको पाइएको छ ।

# अध्याय पाँच

## परम्परागत पेशामा परिवर्तन आउनुका कारणहरू

जलारी समुदायमा पेशागत परिवर्तन आउनुका कारणहरू प्रस्तुत गर्न तल विभिन्न शिर्षक तथा उपशिर्षक दिइएको छ वा वर्गीकृत गरिएको छ । जुन वैयक्तिक अध्ययनको क्रममा २० जना उत्तरदाताहरूबाट लिइएको थियो । जुन जलारी समुदायको परम्परागत पेशा परिवर्तनका प्रमुख कारक रहेको छ ।

**तालिका ५.१**

**पेशा बदल्न प्रभाव पार्ने कारक तत्वहरू**

| क्र.सं. | बाध्यकारी तत्व | बारम्बारता |
|---|---|---|
| १. | माछामा आधारित आम्दानी न्यून हुँदै जानु | ३ |
| २. | मत्स्य उत्पादनमा जोखिम बढ्नु | १५ |
| ३. | प्रतिस्पर्धात्मक बजारमा मूल्य कम | २ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*

जलारी समुदायको परम्परागत पेशामा परिवर्तन आउन प्रभाव पार्ने बाध्यकारी तत्व मध्ये प्रमुख तत्वको रूपमा मत्स्य उत्पादनमा जोखिम बढ्नु रहेको छ । जसको बारम्बारता १५ रहेको र १५ जना उत्तरदाताबाट उक्त उत्तर आएको हो । त्यस्तै दोस्रो तत्वको रूपमा माछामा आधारित आम्दानी न्यून हुँदै जानु रहेको छ । जसको बारम्बारता ३ रहेको र ३ जना उत्तरदाताबाट उक्त उत्तर आएको हो । त्यस्तै प्रतिस्पर्धात्मक बजार पनि अर्को कारणको रूपमा रहेको छ । जसको बारम्बारता २ रहेको र २ जना उत्तरदाताबाट उक्त उत्तर आएको हो ।

माछा माथिको निर्भरता कमजोर हुँदै जानु यसमध्ये तालको पानी प्रदुषण हुँदै जानु पनि एक प्रमुख कारणको रूपमा वा बाध्यकारी तत्वको रूपमा रहेको छ । पहिला तालको पानी शुद्ध र सफा रहेको र आफुहरूले त्यहि पानी पिउने गरेको तर अहिले पानीमा ढल मिसिने र पानीको प्रदुषणको मात्रा बढ्दै जानाले माछाको लागि प्रतिकुल भएकोले पनि माछाको उत्पादनमा ह्रास आएको पाइन्छ । पहिला तालको पानी ऐना टल्के जस्तो थियो हामीले त्यहि पानी खान्थ्यौं अहिले स्पर्श गर्न पनि गाह्रो हुन्छ ।

**वक पत्र-१०**

*हाल म ६९ वर्षको भए म विगत ५५ वर्ष देखि माछा मार्ने पेशा गर्दै आएको छु । मेरो जन्म २००७ सालमा नयाँ बजारमा भएको हो । मेरो बाबाको नाम रामे जलारी हो भने आमाको नाम दान माया जलारी हो । हाम्रो परिवार म १० वर्षको हुँद नयाँबजारबाट रूपाताल तिर बसाई सरी गयो र हामी रूपातालमा २०-२२ वर्ष बसियो र रूपातालबाट यहाँ आएको २९-३० वर्ष जति भयो होला ।*

*हाम्रो परम्परागत पेशा माछा मार्ने थियो र अहिले पनि म माछा मार्छु । ताल हाम्रो खेत हो । ताल नहुने हो भने हामी खाना पनि पाउँदैन । पहिला-पहिले तियारी जाल थिएन तियारी जाल नहुँदा थापा गाउँ तिर गएर पाटे सिस्नो ल्याएर त्यसलाई कुटेर धागो निकाली जाल बनाईन्थ्यो । हामी पहिला स्याउलाको झुप्रोमा बसिन्थ्यो त्यस पछि खरको झुप्रोमा बसियो र अहिले आएर टिनको छाना भएको घरमा बसिन्छ ।*

*२०३२ सालमा आएर मत्स्य अनुसन्धान केन्द्रले तियारी जालको कुरा ल्याएपछि हाते जाल सिस्नो कुटेर बनाउनुपर्ने अवस्था छैन । पहिला-पहिला माछा बेच्न नयाँबजार, महेन्द्रपुल आदि विभिन्न स्थानमा जानुपर्दथ्यो । अहिले माछा लिन घरमै आउँछन् । पहिला माछा मार्न खोलामा रातबेल नभनि जानुपर्दथ्यो । बाधले खान्छ की मान्छेले मार्छ भन्ने डर हुन्थ्यो । खोला नालामा डुल्दा खोलामा हेलिएर जोखिम मोलेर जानु पर्दथ्यो । अहिले ढुङ्गा लिएर गयो दिउँसोमा जाल थाप्यो आयो । दिउँसोमा ३ बजे गयो ४/५ बजे आइन्छ अहिले सहज छ ।*

*वर्षेनी ताल पुरिदै गइरहेको छ । तालको मुहानमा बम, बिष, करेन्ट हालेर माछा मार्नु जलारी जातिको जनसंख्या बढ्दै जानु र तालमा अरु जाति जस्तै तालको किनारामा बस्ने गुरुङ्ग लगायतका जातिहरूले पुरानो पेशा छोडी नयाँ पेशा अपनाउन थालेका छन् । छिमेकीहरूको देखासिकीले गर्दा हाम्रो जलारी समुदायका कतिपयले पुरानो वा परम्परागत पेशा परिवर्तन गरेका छन् तर दुःख, सुख मैले त परम्परागत पेशा नै अँगाल्दै आएको छु ।*

यस्तै गरी मुहान क्षेत्रमा अतिक्रमणका कारण चुनौती थपिनु फेवातालको मुहानमा बम, विष, करेन्टको प्रयोग गरी माछा मारिनुले पनि परम्परागत पेशामा चुनौती थपिएको र जसको कारण पेशा परिवर्तन गर्न बाध्यात्मक परिस्थितिको सिर्जना भएको कुरा कतिपय उत्तरदाताहरूले बताएका छन् । मुहानमा अवैध तरिकाले माछा मारिदा वा बम, विष करेन्टको प्रयोग गरी माछा मार्दा माछाको प्रजनन क्षमतामा ह्रास आइरहेको छ ।

**वक पत्र-२**

*हाल म २९ वर्षको भए म विगत ४-५ वर्षदेखि रेष्टुरेन्ट व्यवसायमा आवद्ध छ । यसका साथै बन क्याम्पसमा परिचरको रूपमा जागीर गर्दछु । मेरो जन्म २०४७ सालमा चङ्खपुरमा भएको हो । मेरो बाबाको नाम राम जलारी हो भने आमाको नाम बुद्ध जलारी हो । मेरो बुबा पहिला बन क्याम्पसमा जागीरे हुनुहुन्थ्यो र उहाँ बितेपछि उहाँको सट्टामा मैले त्यस क्याम्पसमा परिचरको रूपमा जागीर गर्दछु । र अहिले यो रेष्टुरेण्ट पनि गर्दछु । हामी ३ दाजु भाई छौं । त्यो मध्यको म जेठा छोरा हुँ हामी चङ्खपुरबाट खपौदी सरेको २०-२२ वर्ष भयो ।*

*मेरो शैक्षिक योग्यता ८ कक्षा पास हो मैले बुबाको मृत्युपछि बुबाको सट्टामा उक्त क्याम्पसमा परिचरको काम पनि गर्दै आएको छु । बुबाको मृत्यु पछि परिवारको जिम्मेवारी मेरो काँधमा आयो र विकल्प खोज्ने क्रममा अहिले रेष्टुरेण्ट पनि गरेको छु । फेवातालको किनारमा आन्तरिक पर्यटक माछा र रक्सी खाना आउँदछन् आम्दानी पनि राम्रै छ । खाना लाउन समस्या छैन जागीर र व्यवसायको आम्दानीबाट राम्रोसँग घर खर्च चलिरहेको छ र केहि रकम बचत पनि हुन्छ । कान्छो भाई प्यारागलाइडिङ्ग पाईलट छ । माइलो भाई कोरीयामा छ ।*

*अहिले जमाना अनुसार हाम्रो पेशामा परिवर्तन आएको छ । पहिला-पहिला सानोमा कहिलेकाँहि मैले पनि जाल थाप्थे तर सधैं थाप्न गइन बुबाको जागीर पिउनको भए पनि सरकारी क्याम्पसमा भएको हुनाले हामीलाई खासै अभाव भएन तैपनि पुर्ख्यौलि पेशा भएकोले आकल झुकल जाल थापिन्थ्यो । माछा मार्ने पेशा पेशा पनि नगदेबाली जस्तै हो । ताल पुरिदै जानु, फेवातालको पानि दुर्सित हुँदै जानाले र माछा मार्न खोलामा बम, बिष र करेन्टको प्रयोग बढ्दै गएको हुनाले माछाको प्रजनन क्षमता घटी माछाको संख्या कमि भयो एकातिर जलारीको जनसंख्या पनि बढ्दै गयो त्यसकारण पनि माछा मार्ने पेशाबाट अब गुजारा चलाउन मुस्कील पर्न थालेको र अहिलेको युवा त्यहि माछा मारेर मात्र आधुकि जमाना अनुसार नयाँ पेशा अपनाउन थालेका छन् । नयाँ पेशा सजिलो पनि छन् र आम्दानी पनि राम्रै हुन्छ । मान्छे कहाँबाट कहाँ पुगे हामी मात्र के पुरानो पेशा भनि बसी रहने ।*

ताल पुरिदै जाँदा मत्स्य उत्पादनमा ह्रास आउनु पनि अर्को पेशा परिवर्तनको कारण मान्न सकिन्छ। कतिपय उत्तरदाताको भनाई अनुसार वर्षेनि आउने बाढी, पहिरो र अतिक्रमणका कारण ताल पुरिदै गई मत्स्य उत्पादनमा ह्रास आएको छ भन्ने भनाई छ। र जसका कारण उक्त व्यवसायमा चुनौति थपिदै गएको कुरा मान्न सकिन्छ।

**वक पत्र-१४**

*हाल म ३२ वर्षको भए। म विगत ५ वर्ष देखि फ्रेस हाउस सञ्चालन गर्दै आएको छु। मेरो जन्म २०४४ सालमा खपौदीमा भएको हो। मेरो बाबाको नाम जित बहादुर जलारी हो भने आमाको नाम मनमाया जलारी हो। मैले ९ कक्षासम्म मात्र अध्ययन गरेको छु। त्यति पढ्न सकिएन दुःख गरेर पढेको भए हुने रहेछ तर पढीएन। म बा सँग माछा मार्न कहिलेकाँहि जान्थ्यैं। मेरो २७ वर्षको उमेरमा लभ म्यारीज भएको हो। ५ वर्ष देखि फ्रेस हाउस सञ्चालन गरेको छु। मेरो फ्रेस हाउसमा राँगा, कुखुराको मासु र माछा पनि पाइन्छ। यसको साथसाथै मेरो २ ओटा केज पनि छ। म केजमा पनि माछा पालन गर्दछु।*

*मेरो २ छोरा र १ छोरी छन् ति सबै बोडिङ्ग स्कुलमा पढ्छन्। म अहिले मेरो पेशा व्यवसायबाट सन्तुष्ट छु। यस क्षेत्र पर्यटकिय क्षेत्र भएको हुनाले पनि व्यवसायमा फ्रेस हाउस राम्रै चलेको छ। फ्रेस हाउसको आम्दानीबाट खाना लाउन र स्वास्थ्य उपचार गर्नका साथै छोराछोरी पढाउन पनि पुग्दछ यसको साथै केही रकम बचत पनि हुन्छ। हाम्रो पुर्ख्यौली पेशा परिवर्तन हुनुमा विभिन्न कारणहरू रहेका छन्। एक त ताल र सिमसार दिन प्रतिदिन पुरिदै छ। अर्को कुरा अहिलेको जमानामा खुबि भए अन्य राम्रा राम्रा काम पनि पाइन्छन्। तालको पानी दिन प्रतिदिन प्रदुषित हुँदैछ। त्यस्तैगरी तालको मुहान वा हर्पन खोलाको मुहानमा बम, विष, करेन्ट प्रयोग माछा मार्नाले माछाको प्रजनन क्षमतामा ह्रास आएको छ। त्यस्तैगरी आधुनिक जमानाको प्रभावले पनि यो पेशा प्रति जलारी जातिका मानिस त्यति रुचि राख्न छाडे।*

पहिला टिपन टापन काम र परम्परागत तरिकाबाट गुजारा चलाउदै आएकोमा श्रीमान वैदेशिक रोजगारीमा गएपछि उक्त पेशा छोडी मैले पनि किराना पसल गर्दै आएकी छु। पहिला श्रीमानले माछा मारेर ल्याउने र मैले बजारमा लगेर बेच्ने काम गर्दथ्यौं। कहिलेकाँहि ज्याला मजदुरी पनि गर्दै आएका थियौं। अहिले श्रीमान विदेश गएको पनि ८ वर्ष भयो अहिले पहिला भन्दा सहज छ। यो सबै रोजगारीका अन्य विकल्पको पहुँच हुनुको मुख्य कारण हो।

**वक पत्र-७**

*हाल म ४५ वर्षकी भए। विगत २-३ वर्ष देखि किराना पसल गर्दै आएकी छु। मेरो जन्म २०३० सालमा खपौदीमा भएकावे हो। मेरो बाबाको नाम सन्तबहादुर जलारी हो भने आमाको नाम मिश्री जलारी हो। बाबा, आमा तालको किनारामा बसेर होला माछा मार्न जानुहुन्थ्यो भने दिउँसोको समयमा बाबाले डुङ्गा पनि चलाउनु हुन्थ्यो।*

*पछि वैदाम-पामे सडक खण्ड खुलेपछि र मोटर चल्न थाले र बाबाले डुङ्गाबाट यात्रु तार्ने काम गर्न छोड्नु भयो। मेरो विवाह १९ वर्षको उमेरमा यहि फ्याउरेमा भयो। मेरो श्रीमान पनि विदेश जानुभन्दा अगाडि यहि माछा मार्ने जाल थाप्ने र कहिलेकाँही घर बनाउने ठाउँमा काममा जानुहुन्थ्यो। मेरो श्रीमान् विदेश गएको पनि ८ वर्ष भयो। त्यो भन्दा पहिलेसम्म हामी श्रीमान् श्रीमती मिलेर जाल थाप्थ्यौं। श्रीमान् कहिलेकाँही काममा जाँदा मैले घरको काम गर्दथैं र श्रीमानले माछा मारेर ल्याएपछि म बजारमा बेच्न जान्थैं तर अहिले श्रीमान विदेश गएपछि मैले जाल थाप्दिन अहिले त तालमा माछा पनि त्यति पाउदैन। तालको मुहानमा बम, विस, करेन्टले माछा मार्ने प्रवृत्ति बढ्दो छ। त्यसले गर्दा माछाको प्रजनन क्षमतामा ह्रास आउन थाल्यो। यता जलारी समुदायको जनसंख्या पनि बढ्न थाल्यो त्यसैले तालको स्रोत र अन्य टिपन टापन कामबाट गुजारा चलाउन गाह्रो भयो र श्रीमान् विदेश जानुभयो। श्रीमान् विदेश गएपछि मैले केहि समय कहिलेकाँही घर बनाउने ठाउँमा निर्माण मजदुरको रुपमा काम पनि गरे र अहिले किराना पसल गरेर बसेकी छु।*

*अहिले दुवै जनाको कमाईबाट घर चलाउन पनि सजिलो छ र केहि रकम बचत पनि हुन्छ। अब यो पसल पछि छोराले गर्ला नि भनेर गरेको हो। छोराले यहि पसललाई निरन्तरता दिएर पुरानो बाउ बाजेको पेशा छोड्दिए हुन्थ्यो। पुरानो पेशा अब सहज छैन, ताल पुरीदै छ।*

तालको बाँधबाट पनि माछा बाहिर जाँदा श्रोत घट्नु जुन कारण पनि मत्स्य उत्पादनमा जोखिम बढ्न गई उत्पादनमा ह्रास आउदा पेशा परिवर्तन गर्न बाध्यत्मक कारण सिर्जना हुन पुगेको छ । वर्षातको समयमा बाँधको ढोका खोल्दा जलारी समुदायले १ वर्षमा नर्माने माछा एकै दिनमा बगेर जाने गरेकाले पनि मत्स्य उत्पादनमा ह्रास आएको भनाई छ ।

**वक पत्र-१२**

*हाल म ३१ वर्षको भए म विगत १५ वर्ष देखि नै माछा मार्ने पेशा अपनाउँदै आएको छु । मेरो जन्म २०४५ सालमा यहि खपौदीमा भएको हो । मेरो बाबाको नाम शिव जलारी हो भने आमाको नाम मिश्री जलारी हो । मेरो बुवाले पहिले पनि माछा मार्ने र डुङ्गा चलाउने गर्नुहुन्थयो त्यसबेला बैदाम पामे मोटरबाटो निर्माण भएको थिएन र यात्रुलाई बजार जान आउन सहज गर्ने काम डुङ्गा मार्फत गर्नुहुन्थ्यौं ।*

*मैले १० कक्षासम्म मात्र पढेको छु । मैले अहिले हाम्रो परम्परागत पेशालाई आधुनिक तरिकाबाट गर्ने प्रयत्न गरेको छु । म अहिले हर्पन फेवा मत्स्य सहकारी संस्थाको सचिव तथा यस संस्थाको कर्मचारी पनि हुँ । पहिला हाम्रो बाऊ, बाजेले गरेको माछा मार्ने शैलि वा तरिका भन्दा हामीले आधुनिक तरिकाले गर्दै आएको छु । पहिला हाम्रो बाऊ, बाजेले हाते जालको साहयताले खोला खोलामा डुलेर माछा मार्ने गर्नुहुन्थयो र तालमा अहिले केजमा माछा पाल्ने र तालमा तियारी जालको साहयताले माछा परीपाटीको विकास भएको छ । २०३२ सालमा बैदाममा मत्स्य अनुसन्धान केन्द्रको स्थापना भएपछि उक्त केन्द्रको सहायताले वा सहयोगमा तियारी जाल प्रविधिको विकास भएको हो ।*

*अहिले आएर हाम्रो मत्स्य व्यवसाय वा माछा मार्ने पेशामा विभिन्न चुनौति थपिदै आएको छ । जलारी समुदायको जनसंख्या बढ्दै जानु, तालमा हामीले मात्र माछा मार्ने पाइन्छ भन्ने छैन त्यस्तै फेवातालको बाँधको ढोका खोल्दा जलारी समुदायले १ वर्षमा नर्माने माछा एकै दिनमा बगेर जाने गरेको छ । उक्त स्थापना जालिको व्यवस्था गर्नसके यो समस्या अली कम हुन्थयो कि ? हर्पन खोलाको मुहानमा बम, विष, करेन्टको सहायताले माछा मार्नु जसले गर्दा माछाको प्रजनन क्षमतामा ह्रास आउँछ । यी विभिन्न कारणले गर्दा आजकल हाम्रो माछा मार्ने पेशा असहज बन्दै गएको छ । जे होस् अहिले मैले परम्परागत पेशालाई आधुनिक तरिकाले गर्दै आएको छु । अहिले म मेरो पेशाबाट सन्तुष्ट छु । दुई छोरा बोर्डिङ्ग पढाएको छु एउटा मोटर साईकल भएपनि चढेको छु । पहिला बुबा, बाजेको पालामा खरको झुप्रोमा बसीन्थ्यो अहिले जस्ताको छानो भएको घरमा बसेको छु ।*

**तालिका ५.२**

**फरक पेशामा लाग्न प्रेरित गर्ने तत्वहरू**

| क्र.सं. | प्रेरक तत्व | बारम्बारता |
|---|---|---|
| १. | अन्य पर्यटकीय पेशाको विकास | ७ |
| २. | वैदेशीक रोजगारीको अवसरमा पहुँच बढ्नु | ७ |
| ३. | सडक निर्माणसँगै आएको थप अवसर | २ |
| ४. | सहकारी र तालिमले पेशा विविधीकरणमा प्रेरणा | ३ |
| ५. | प्रविधिको विकाससँगै आर्कषक आम्दानी | २ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*

माथिको तालिकामा उल्लेख भए अनुसार फरक पेशामा लाग्न प्रेरित गर्ने कारक तत्वहरूमा प्रमुख तत्वको रूपमा अन्य पर्यटकीय पेशाको विकास पनि एक हो र यसको साथसाथै अर्को प्रमुख तत्वको रूपमा वैदेशिक रोजगारी पनि रहेको पनि रहेको छ । यि दुवैको बारम्बारता ७/७ रहेको छ । त्यस्तै सहकारीको निर्माण र तालिमले पेशामा विविधीकरणमा प्रेरणा पनि अर्को प्रेरक तत्व हरेको छ । त्यस्तै अर्को प्रेरक तत्वको रूपमा प्रविधिको विकाससँगै आर्कषक आम्दानी पनि रहेको छ जसको बारम्बारता २ रहेको छ ।

जलारी समुदायको परम्परागत पेशामा परिवर्तन आउनुका कतिपय प्रेरक तत्वहरू पनि रहेका छन् । अन्य पर्यटकीय पेशाको विकास जस्तै होटल, रेष्टुरेन्ट आदिको स्थापना सँगै जलारीहरूले पनि कतिपयले उक्त पेशा व्यवसाय अंगाल्न थालेको र जसका कारण परम्परागत पेशा छोड्ने गरेको पाइयो । रेष्टुरेन्टको स्थापनासँगै उक्त क्षेत्रमा फ्रेस हाउस लगायतका पेशा व्यवसाय स्थापना हुनाका साथै किराना पसल पनि सञ्चालन गरेको पाइयो ।

**वक पत्र-८**

*हाल म ४० वर्षको भए । म १०-१२ वर्ष देखि रेष्टुरेन्ट व्यवसायमा आवद्ध छु । मेरो जन्म २०३६ सालमा पोखरा एअरपोंट साइडमा भएको हो । मेरो बाबाको नाम हर्क बहादुर जलारी हो भने आमाको नाम माया जलारी हो । मैले कक्षा १० सम्म पढेको छुँ । बाबा आमा माछा मार्ने र अन्य निर्माण मजदुरको रूपमा काम गर्नुहुन्थ्यो । हामी खपौदीमा बसाइ सरी आएको २२-२३ वर्ष भयो मैले पनि ९-१० वर्ष जति रेष्टुरेन्टमा काम गरे रेष्टुरेन्टमा वइटरको रूपमा काम गर्दा गर्दै यो पेशा सिकियो र खपौदी पर्यटकिय क्षेत्र पनि भएकोले रेष्टुरेन्ट गरेर बसेको छु ।*

*अहिले यो पेशामा हामी घर परिवार सबै आवद्ध छौं । व्यवसाय पनि राम्रै चलेको छ । व्यवसायबाट वा यसको आम्दानीबाट हामी सन्तुष्ट छौं । मेरा दुई छोरा र दुई छोरी छन् । जेठो छोरा ब्याचलर पढ्दै छ । उले यस व्यवसाय चलाउन पनि उले यस व्यवसाय चलाउन पनि हामीलाई सहयोग गर्दै आएको छ । काम वा पेशा भन्दा नयाँ र आधुनिक पेशा अपनाए राम्रो हुन्छ ।*

*मैले पनि यहि रेष्टुरेन्ट व्यवसायलाई निरन्तरता दिने सोच बनाएको छु त्यो क्षेत्र पर्यटकिय भएको हुनाले कमाई पनि राम्रो छ । त्यसैले रेष्टुरेन्ट व्यवसायलाई नै निरन्तरता दिएर जाने विचार छ । तालमा माछा मार्ने पेशा अब सहज छैन तालमा माछाको संख्या कम हुँदै छ । ताल पुरिदै छ र उक्त पेशा अब सहज छैन तालमा माछाको संख्या कम हुँदै छ ताल पुरिदै छ । उक्त पेशालाई अन्य समुदायका मानिसले पनि राम्रो मान्दैनन् ।*

वैदेशीक रोजगारीको अवसरमा पहुँच बढ्नु पनि जलारी समुदायको परम्परागत पेशामा परिवर्तन गर्न प्रेरित गर्ने एक कारणको रूपमा पाइयो । त्यस्तै वैदेशीक रोजगारीमा रहेका २ जना मध्ये १ जनाले पहिला परम्परागत तरिकाले माछा मार्ने गरेकोमा अहिले वैदेशीक रोजगारीको अवसरले गर्दा पेशा परिवर्तन गरी वैदेशीक रोजगारीमा जाने गरेको पाइयो र वैदेशिक रोजगारीलाई सहज ठान्ने गरेको पाइयो ।

**वक पत्र-१८**

*हाल म ४७ वर्षको भए । विगत २० वर्ष देखी वैदेशिक रोजगारीमा छु । मेरो जन्म २०२९ सालमा सिदुरकेमा भएको हो । मेरो बाबाको नाम हरि जलारी हो । मैले जम्मा २ कक्षासम्म मात्र पढ्ने मौका पाए । म वैदेशिक रोजगारीमा जानु भन्दा पहिले माछा मार्ने र कहिलेकाँही दैनिक ज्यालादारीमा पनि जाने गर्दथे । पछिपछि तालमा माछा पर्न छोडेपछि बालबच्चा पाल्न गाह्रो भयो र म वैदेशिक रोजगारीमा जान थालेको पनि २० वर्ष भयो ।*

*विदेश जान थालेपछि बच्चाबच्ची पढाउन र लालनपालन गर्न खासै समस्या भएन । अहिले म वैदेशिक रोजगारबाट सन्तुष्ट नै छु । मेरो ३ ओटा छोरी र २ ओटा छोरा छन् जेठी श्रीमतिलाई कुकुरले टोकेर रेबिज लागेर बितिन् त्यतिबेला म विदेश थिए । त्यसपछि म नेपाल आएर दोस्रो विवाह गरे अहिले कान्छी श्रीमती पट्टी एउटा सानो छोरा छ । म अहिले ६ महिनाको छुट्टीमा आएको हुँ । अब सकिन्जेल विदेश बस्ने हो । नेपालमा पनि व्यवसाय गर्न सानोतिनो पुँजीले केही पनि हुँदैन अब माछा मारेर पेट पाल्न पनि गाह्रो छ । ताल र ढाब पुरीदै छ । जलारीको जनसंख्या पनि दिन प्रतिदिन बढ्दो छ । तालमा माछाको संख्या पनि घट्दो छ । त्यसैले अब काम गर्न सकिन्जेल विदेश जाने हो । नसकेपछि मात्र नेपाल फर्कने हो । त्यसपछि देखा जाएगा । मेरो जेठो छोरालाई पनि विदेश लादै छु उतै भिसा लगाएको छु ।*

सडक निर्माणसँगै आएका थप अवसर जसको कारणले पनि जलारी समुदायको परम्परागत पेशामा परिवर्तन गर्न प्रेरित गरेको छ । सडक सञ्जालको विकास र बिस्तारसँग जलारी समुदायको कतिपयले परम्परागत पेशा परिवर्तन गरेको पाइयो पहिला आफुले

**वक पत्र-११**

*हाल म ७१ वर्षको भए । म २०-२१ वर्षको उमेर देखि माछा मार्ने पेशा गर्दै आएको छु । मेरो जन्म २००५ सालमा नयाँ बजारमा भएको हो । मेरो बाबाको नाम हर्क बहादुर जलारी हो भने आमाको नाम कली जलारी हो ।*

*म यस खपौदीमा आउँदा २०-२२ वर्षको थिए त्यति बेला देखी म माछा मार्ने पेशा गर्दै आएको छु । म यहाँ आउँदा तालको पानी सफा थियो । ऐना टल्के जस्तो देखिन्थ्यो र हामीले यहि तालको पानी खान्थ्यो । पहिला यस ठाउँमा आउनु अगाडी मैले पोखरामा नयाँबजारमा रहदा अन्य काम छीटफुट रूपमा गर्थे कहिले फुर्से खोलामा कहिले कतै माछा मार्न पनि जाथ्ये । जब मेरो विवाह भयो त्यसपछि छुट्टीएर यस फेवातालको किनारमा आएर बसे त्यसपछि निरन्तर रूपमा माछा मार्दै आएको छु । बैदाम पामे मोटर बाटो नबनुन्ञ्जेल डुङ्गा चलाउने काम पनि गरे उक्त बाटो निर्माण भएपछि डुङ्ग चलाएर यात्रु तार्ने काम रोकियो । पहिला थापा गाउँतिर गएर पाटे सिस्नु ल्याएर त्यसलाई पकाएर कुटेर धागो निकाली हाते जाल बनाइन्थ्यो ।*

*म पहिला यस ठाउँमा आएर बस्दा यहाँ फाट्टफुट्ट मात्र घर थिए र मैले यहाँ पहिला घर बनाउदा स्याउलाको झुप्रो बनाएर बसेको हो पछि बिस्तारै खरको, टिनको र अहिले ढलान घर बनाएको छु । २०३२ सालमा मत्स्य अनुसन्धान केन्द्रको सहयोगमा तियारी जाल आयो त्यसपछि हामीलाई धेरै सहज भयो । पहिला माछा मार्दा रात बेला नभनी झरी बादलको वास्ता नगरी खोलामा हेलीयर तालमा गएर माछा मारिन्थ्यो र माछा मारीसकेपछि बेच्नको समस्या हुन्थ्यो । माछा बेच्न बजार सानो भएको हुनाले बेच्न पनि समस्या हुन्थ्यो । अहिले त तालमा पहिला जस्तो माछा पनि छैन पानी दुर्षित छ । त्यस्तै गरी तालको मुहानमा बम, विष, करेन्टको प्रयोग गरी माछा मार्नाले माछाको प्रजनन गर्न सकेन त्यस्तै आधुनिक जमनाको प्रभावको कारणले गर्दा पनि पुरानो पेशा छोडी नयाँ पस्ताको अर्को पेशा रोज्न थाले ।*

बैदाम-पामे सडक खण्ड नबनुञ्जले डुङ्गा चलाई यात्रु तार्ने गरेकोमा उक्त सडक निर्माण पछि उक्त पेशा छोड्नु परेको बताएका छन् । सहकारी र तालिमले गर्दा पेशा विभेदीकरणमा प्रेरणा दिइएको पाइयो । २०३२ सालमो मत्स्य अनुसन्धान केन्द्रको स्थापनासँगै विभिन्न तालिम जलारी समुदायलाई दिँदै आएको पाइयो । पछि २०६७ सालमा हर्पन फेवा मत्स्य सहकारीको स्थापनासँगै सहकारी मार्फत एकीकृत कारोबार र पेशाको विविधिकरण गर्न सहयोग गरेको पाइयो र पिंजडामा माछा पालन प्रविधिको पनि विकास भएको पाइयो ।

**वक पत्र-२०**

हाल म ५२ वर्षको भए । म विगत काम गर्न सक्ने भए देखि नै म माछा व्यवसाय र माछा मार्ने काम गर्दै आएको छु । मेरो जन्म २०२४ सालमा नयाँबजारमा भएको हो । मेरो बाबाको नाम बुद्धी बहादुर जलारी हो भने आमाको नाम मंगली जलारी हो । म यस हर्पन फेवा मत्स्य सहकारीको संस्थाको संस्थापक अध्यक्ष पनि हुँ । मैले पिंजडा (केजमा) माछा पनि पालेको छु । मेरो ४ जना छोराछोरी छन् । जेठी छोरी ब्याचलर पढ्दापढ्दै विवाह भयो । कान्छी छोरी अहिले १२ मा पढ्दै छ भने कान्छो छोरा ९ कक्षामा पढ्दै छ । २०३२ साल भन्दा अगाडी हाते जालको साहाराले जालको साथै केज (पिंजडामा) माछा पालन प्रविधिको विकास भयो जब २०३२ सालमा पोखरामा मत्स्य अनुसन्धान केन्द्रको स्थापना भयो त्यसपछि उक्त केन्द्रको सहयोगमा आधुनिक तरिकाबाट माछा पालन र माछा मार्ने पेशाको सुरुवात भयो ।

हाम्रो पेशामा आधुनिकता आउनुमा समय सापेक्ष परिवर्तनलाई पनि ख्याल गर्न सकिन्छ । अहिले माछा मार्नको लागि लाइसेन्स लिनुपर्दछ फेरी यो पेशा हामीले मात्र गर्न पाइन्छ भन्ने पनि छैन । आधुनिकताले केही सहज बनाएको छ । माछा उत्पादन वा मार्न सके बजारको समस्या छैन । फेरी पर्यटकीय क्षेत्र भएकाले पनि आन्तरिक र बाह्य पर्यटक माछाको स्वाद लिन यस क्षेत्रमा आउने गर्दछन् । यसको साथसाथै हाम्रो पेशामा केही चुनौतीहरू पनि छन् । जसले गर्दा पेशालाई संकटउन्मुख बनाएको छ । फेवातालमा प्रदुषित ढल मिसाउनाले पानी प्रदुषित छ । अर्को कुरा फेवातालको स्रोत खोलाहरूको मुहानमा बाढी, पहिलो, भुक्षयको कारणले ताल पुरिदै गइरहेको छ । त्यस्तै तालको मुहानमा बम, विष, करेन्ट जस्ता वस्तुको प्रयोगबाट माछा मारिनुले माछाको प्रजनन क्षमतामा ह्रास आई माछाको संख्या कम भइरहेको छ । जसको कारणले जलारी समुदायको कतिपय युवा यस पेशा वा परम्परागत पेशा छोडी अर्को पेशा अपनाउँदै आएका छन्

प्रविधिको विकाससँगै आर्कषक आम्दानी पनि जलारी समुदायको परम्परागत पेशा परिवर्तनको प्रेरक तत्व मध्ये एक रहेको पाइयो । अहिले प्रविधिको पहुँच बिस्तारसँगै आर्कषक आम्दानीका कारण अहिले प्यारागलाइडिङ्ग पाइलटको रूपमा काम गर्दा माछा मारेर १ वर्षमा आम्दानी गर्न नसक्ने पैसा एक महिनामा कमाउन सकिन्छ ।

**वक पत्र-४**

*हाल म २२ वर्षको भए । विगत ४-५ वर्ष देखि म प्याराग्लाइडिङ्ग पाइलटको रूपमा काम गर्दै आएको छु । मेरो जन्म २०५३ सालमा सेदीमा भएको हो । मेरो बाबाको नाम बुद्धी बहादुर जलारी हो भने आमाको नाम शान्ती जलारी हो । मैले एस.एल.सी. सम्म पढ्ने मौका पाए वा एस.एल.सी. पास गरेको छु ।*

*मेरो बाबाले माछा मार्ने पेशा  गर्नुहुन्छ । मैले भने प्याराग्लाइडिङ्ग पाइलटको पेशा रोजे सानै उमेरबाट अरु मान्छेहरू प्यारासुटमा उडेको देख्दा उड्न पाए हुन्थ्यो जस्तो लाग्दथ्यो । विदेशी तथा स्वेदेशी पर्यटक आफ्नै घर छेउमा उडेर बसेको देख्दा रहर लाग्दथ्यो र म पनि सानै उमेर देखि प्यारासुट पट्याउन जान्थे स्कुल हापी हापी प्यारासुट पट्याउने क्रममा चिनजान भयो सबैसँग र त्यसै क्रममा उड्न सिकेर म पनि प्याराग्लाइडिङ्ग पाइलट बने ।*

*मैले प्यारासुट उडाउने तालिम पनि लिएको छु । ब्लु स्काई प्याराग्लाइडिङ्गमा दुई वर्षको ट्रेनिङ्ग लिएको छु । मैले प्यारासुट उडाउन सुरु गरेको २०१५ सालबाट हो । बाबाले माछा मार्ने काम गरेपनि मैले खासै माछा मार्ने काम गरिन पहिला स्कुल गइयो त्यसपछि प्यारासुट उडाउन सिकेर प्याराग्लाइडिङ्ग पाइलट बनियो, हाम्रो केज पनि छ । तर मलाई पुरानो बाबु बाजेको पेशा भन्दा नयाँ पेशामा रमाउने बानी परिसक्यो, आम्दानी पनि राम्रो छ । मासिक डेढ-दुई लाख कमाइन्छ । पछिसम्म यहि पेशालाई निरन्तरता दिने सोचमा छु । प्याराग्लाइडिङ्ग पनि सिक्दा निकै संघर्ष गर्नुपर्‍यो र कहिलेकाँही मौसम अचानक परिवर्तीत हुँदा जोखिम पनि हुन्छ । हुन त जोखिम कुन पेशामा हुँदैन र जोखिम नमोलि पैसा कमाउन पनि गाह्रो छ । जोखिममै आनन्द लिन जान्नुपर्दछ वा सिक्नुपर्दछ । सबैले प्यारासुटको पाइलट भन्दा खुसी पनि लाग्दछ ।*

वैकल्पिक पेशा व्यवसायको छनौट जसको कारण पनि जलारी समुदायको परम्परागत पेशा परिवर्तन गर्न सहयोग पुऱ्याउँदै आएको पाइयो । पहिला श्रीमानसँगै माछा मार्ने म अहिले प्याराग्लाइडिङ्ग ल्याण्डीङ्ग ग्राउण्डको आडमा जुस पसल गरेकी छु । यहाँ जुस, चटपट, चुरोट आदिको बिक्री गर्छु । आम्दानी पनि राम्रो नै छ ।

**वक पत्र-९**

*हाल म ३१ वर्षकी भए म विगत ४-५ वर्षदेखि यहि प्याराग्लाइडिङ्ग ग्राउण्डको आडमा जुस पसल गरेर बसेकि छु । मेरो जन्म २०४५ सालमा यही खपौदीमा भएको हो । मेरो बाबाको नाम देब बहादुर जलारी हो भने आमाको नाम बिनु जलारी हो । मेरो विवाह भएको १२ वर्ष भयो पहिला हामी श्रीमान श्रीमतीले माछा मार्ने र जाल थाप्ने र अन्य नजिकै क्षेत्री बाहुनकोमा मेरो श्रीमान दुई वर्ष जति साउदी जानुभयो । काम पाए र मैले उक्त स्कुलमा ३ वर्ष जति परिचरको रूपमा जागिर गरे त्यसपछि मैले उक्त जागिर छोडी यस प्याराग्लाइडिङ्ग ल्याण्डीङ्ग ग्राउण्डको आडमा जुस पसले गरेकी छु । मेरो श्रीमान अहिले वैदेशिक रोजगारीमा कुवेत जानु भएको छ । १ वर्ष जति भयो उहाँ विदेश जानु भएको उता श्रीमानको कमाई राम्रै छ । प्यारासुटबाट ओलिएको मान्छेलाई जुस, चटपट, चिसो, चुरोट जस्ता चिज बेच्छु महङ्गमा विक्रि हुने भएकोले कमाई राम्रै छ । श्रीमान र मेरो कमाईले गर्दा मासिक बचत पनि गर्न सकेका छौँ यहि कमाईबाट भकुण्डेमा ४ आना घडेरी लिएका छौँ ।*

*पहिला तालमा माछा मार्दा जस्तो रातबेला भन्नुपर्ने अवस्था छैन । अहिले त ताल पनि पुरिदै गयो । यो पेशा आधुनिक पनि भयो र सहज पनि छ । छोरा एउटा मात्र छ उसलाई बोर्डिङ्ग स्कुल पढाएका छौँ आफूले त पढ्न पाइएन सात कक्षा भन्दा पढ्ने वातावरण थिएन । अहिले यहि पेशाबाट सन्तुष्ट छु । भविष्यमा पनि यहि पेशाबाट सन्तुष्ट छु । भविष्यमा पनि यहि वा अन्य नयाँ पेशा गर्ने विचारमा छु । परम्परागत वा अन्य पुराना पेशा गर्ने सोचमा छैन । अब*

परम्परागत पेशाको विकल्प सिर्जना हुनु जसको कारणको पनि जलारीको समुदायको परम्परागत पेशा परिवर्तन हुने गरेको छ । म पहिला माछा मार्थें झरी बादल नभनी रात, दिन नभनि नदीमा हेलिएर माछा मारिन्थ्यौं । अहिले यति एयरलाइन्सको कर्मचारीको रूपमा काम गर्दै आएको छु । पहिलेको पेशा भन्दा सहज छ डिउटी गयो आयो सजिलो छ ।

**वक पत्र-१६**

*हाल म ४४ वर्षको भए । विगत ९ वर्ष देखि म यति एयरलाइन्समा कर्मचारीको रूपमा कर्यरत छु वा काम गर्दै आएको छु । मेरो जन्म २०३२ सालमा नयाँबजारको पोडे टोलमा भएको हो । मेरो बाबाको नाम दुर्ज बहादुर जलारी हो भने आमाको नाम शशीकला जलारी हो । मैले कक्षा ५ सम्म मात्र पढ्ने मौका पाए । यति एयरलाइन्समा काम गर्नु भन्दा अगाडी जाल थाप्ने र माछा मार्ने काम गर्दै आएको थिए । म १८ वर्षको हुँदा नयाँबजारबाट अहिले बसेको ठाउँ बङ्गलादीमा बसाई सरी आएका हौँ । मेरा दुई छोरी मात्र छन् । जेठी छोरी रेष्टुरेन्टमा काम गर्छीन भने कान्छी छोरी १२ कक्षा पढ्दै छिन् ।*

*पहिलेको पेशा भन्दा अहिलेको पेशा नै उत्तम लाग्दछ । पहिला खोलामा हेलिएर माछा मार्नु पर्दथ्यो रात बेला नभनिकन माछा नमारे चुलो बल्दैनथ्यो । माछा मार्ने काम पहिले पहिले जस्तो सहज छैन । ताल परिदै गएको छ । फेवातालको पानीमा प्रदुषित ढल मिसावटको कारण पानी दुर्षित बन्दै गएको छ । आफुले त केज पनि राख्न सकिएको थिएन जीविको चलाउन धौधौ र सहज भएको छ । एयरलाइन्सको यात्रुका सामान ट्रलिमा बोकेर लाने लैजाने काम गऱ्यो त्यहि त हो । सेवा सुविधा पनि राम्रो छ । घर पनि राम्रोसँग चलेको छ । अहिलेको पेशा आनन्ददायी नै छ । पुरानो पेशा प्रति मानिसको हेराईको दृष्टीकोण पनि राम्रो थिएन अहिले त युनिफर्म लगायो डिउटी गर्यो झरी बादल पनि भन्नु नपर्ने पानीमा पनि चोबलीन नपर्ने सहज छ ।*

विभिन्न पेशा व्यवसायको सोचको बिस्तार हुनु पहिले माछा मार्ने गरेकोमा अहिले उक्त सोचमा परिवर्तन आई विभिन्न पेशा व्यवसाय जस्तै फ्रेस हाउस र अन्य पेशा व्यवसायमा आवद्ध भई परम्परागत पेशा परिवर्तन गर्ने गरेको पाइयो । परम्परागत पेशा गर्दा खाना लगाउन समेत धौधौ हुने गरेकोमा अहिले निर्धक्कले उक्त आवश्यकता पुरा हुने गरेको बताए ।

**वक पत्र-१७**

*हाल म २७ वर्षको भए । विगत ५ वर्ष देखि मैले फ्याउरेमा फ्रेस हाउस गर्दै आएको छु । मेरो जन्म २०४९ सालमा खपौदीमा भएको हो । मेरो बाबाको नाम चङ्ख बहादुर जलारी हो भने आमाको नाम सिता जलारी हो । मैले नौ कक्षासम्म मात्र अध्ययन गरेको छु ।*

*मेरो विवाह भएको ५ वर्ष भयो । मेरो बुबाको मृत्यु भएपछि मैले यो फ्रेस हाउस खोलेको हो । पुरानो माछा मार्ने पेशा भन्दा यहि पेशा उपयुक्त छ । पहिला म पनि बुबासँगै माछा मार्न र जाल थाप्न जान्थ्ये । मेरो बुबाले पहिले बैदाम पामे मोटर बाटो निर्माण हुनुभन्दा अगाडी डुङ्गा चलाउनुहुन्थ्यो । मोटर बाटो निर्माण भएपछि र गाडी चल्न थालेपछि बुबाले जाल थाप्ने र माछा मार्ने काम मात्र गर्न थाल्नुभयो । म पनि पहिले पहिले सानो छदा स्कुलन पढ्न गए जब पढ्न छोडे त्यसपछि माछा मार्ने र जाल थाप्ने काम गर्न थाले जब पुरानो पेशाबाट जीवनयापन गर्न असहज जस्तो हुन थाल्यो तब मैले यो नयाँ पेशा अपनाए अहिले मेरो फ्रेस हाउसमा राँगा, कुखुरा र खसीको मासुको साथै माछा पनि उपलब्ध छ ।*

*म अहिले संयुक्त परिवारमा बस्छु । संयुक्त परिवारमा भएकोले पारीवारिक खच पनि अलि बढी नै छ । तैपनि यो फ्रेस हाउसको कमाइले खर्च राम्रैसँग चलेको छ । पुरानो पेशा गर्नेहरूले पनि केज राखेकाहरूले त राम्रैसँग आम्दानी गर्दछन् नत्र गाह्रो छ । माछा मार्ने पेशा पनि संकट उन्मुख छ । अहिले ताल वर्षेनी पुरीदै छ । तालमा प्रदुषण बढ्दो छ । यसको साथै हाम्रो जलारी दाजुभाई तथा दिदीबहिनीहरूको नयाँ पेशा प्रति आर्कषण बढ्दो छ । अहिलेको जमनाको प्रभावको कारणबाट पनि पुरानो पेशा अपनाउन भन्दा नयाँ पेशा खोजिरहेका छन् ।*

पर्यटकीय बजारमा बैदामको देखासिकी आदि कारणले पनि जलारी समुदायको परम्परागत पेशामा परिवर्तन आएको पाइन्छ । पहिला आफुले लेकसाइडमा रेष्टुरेन्टमा वेटरको रूपमा काम गर्ने गर्थे पछि उक्त पेशालाई नै अँगाल्न विदेश गए र १० वर्ष बसे र अहिले यहि ठाउँमा रेष्टुरेन्ट गरी बसेकी छु । कमाइ राम्रौ छ खाना, लगाउन पुगेकै छ ।

**वक पत्र-१५**

*हाल म ४० वर्षको भए । म विगत १० वर्ष देखि बैदाम खहरेमा रेष्टुरेन्ट व्यवसाय गर्दै आएको छु । मेरो जन्म २०३६ सालमा बैदाममा भएको हो । मेरो बुबाको नाम हर्क बहादुर जलारी हो भने आमाको नाम दान कुमारी जलारी हो । मैले १० कक्षासम्म मात्र पढेको छु । मेरो पालामा पढ्ने अवसर त पाएको हो तर पढिन । मेरो बुबा माछा मार्ने पेशाको साथसाथै मत्स्य विकास केन्द्रमा जागिरे पनि हुनुहुन्थ्यो । मैले त १० कक्षा पढ्दा पढ्दै छोडेर लेकसाइडमा रेष्टुरेन्टमा काम गर्न थाले । उक्त रेष्टुरेन्टमा काम गर्दागर्दै काम सिके । मैले उक्त रेष्टुरन्टमा ४ वर्षसम्म काम गरे त्यसपछि म वटर भिसामा दुबई गए र उक्त ठाउँमा मैले १० वर्ष काम गरे कमाई पनि राम्रै हुन्थ्यो ।*

*१० वर्ष दुवईमा बिताएपछि अहिले यहाँ रेष्टुरेण्ट खोलेको १० वर्ष भयो मेरो २ छोरा र दुई छोरी छन् । जेठो छोरा अहिले ब्याचलर पढ्दैछ जनप्रिय क्याम्पसमा अरु ३ जना बोर्डिङ्ग पढ्छन् । मैले त माछा मार्ने काम खासै गरिन बुबाले गर्नुहुन्थ्यो बुबासँग कहिलेकाँहि गइन्थ्यो माछा मार्न तर अहिले पेशागत रूपमा भन्दा पनि रमाइलोका लागि गइन्छ । भन्ने हो भने अहिले माछा मार्ने पेशा पनि त्यत्ति सन्तोषजनक छैन तालको पानी फोहोर छ । ताल दिनप्रतिदिन बढ्दो छ । बाउबाजेको पेशा भन्दा अहिलेको रेष्टुरेन्ट व्यवसाय नै उत्तम छ ।*

त्यस्तै कतिपय उत्तरदाताको भनाई आधुनिक जमानाको प्रभावको कारण पनि जलारी समुदायका व्यक्तिहरूले पेशा परिवर्तन गर्ने गरेको पाइयो । अन्य जातिका मानिसहरूको लवाईखवाई र रहनसहन जुन आधुनिक समय सापेक्ष गर्ने गरेकोमा अहिले जलारी समुदायका युवायुवतीको रुची पनि परम्परागत पेशामा भन्दा अन्य पेशामा बढी रहेको पाइयो । त्यस्तै वैदेशिक रोजगारीको पहुँच पनि हो ।

**वक पत्र-५**

*हाल म २६ वर्षको भए । विगत ८ वर्षदेखि वैदेशिक रोजगारीमा छु । मेरो जन्म २०४९ सालमा यसै खपौदीमा भएको हो । मेरो बाबाको नाम चङ्ख बहादुर जलारी हो भने आमाको नाम छली जलारी हो । मैले खासै पढिन जम्मा ८ कक्षा मात्र पढेको छु । म विगत ८ वर्षदेखि वैदेशिक रोजगारीमा छु । कान्छो छोरो भएपनि घरको आर्थिक अवस्था कमजोर भएको हुनाले र बाबा आमाको परम्परागत पेशाबाट गुजारा चलाउन समस्या भएकाले म पनि वैदेशिक रोजगारीमा जान पर्‍यो । तालमा माछा पनि कम पाउन थाल्यो वर्षेनीको बाढीले ताल पुरिदै जान थाल्यो ।*

*तालको स्रोतले मात्र हाम्रो जीवन चलाउन गाह्रो हुन थाल्यो । फेरी सबै विदेश गएको देख्दा आफू पनि विदेश जाउँ-जाउँ लाग्न थाल्यो र विदेश जाने रहर पनि जाग्न थाल्यो । म मलेशिया गएको पनि ८ वर्ष भयो अहिले सम्म दुई छुट्टी आइसके अहिले पनि म ३ महिनाको छुट्टीमा आएको हुँ । म वैदेशिक रोजगारबाट सन्तुष्ट नै छु । यहाँ तालमा पनि जसले केज बनाउन सक्यो उसको राम्रो आम्दानी हुन्छ । विदेशमा डिउटी गर्‍यो रुममा आयो महिना मरेपछि तलब आउँछ । गाह्रो त हुन्छ उतापनि तैपनि काम नगरी र दुःख नगरी कहाँ खाना पाइन्छ र त्यसैले मलाई त वैदेशिक रोजगारी नै ठीक लाग्दछ ।*

जलारी समुदायमा शिक्षाको पहुँच बढ्दै जानु र लैङ्गिक भिन्नता खासै देखा नर्पनु पनि अर्को कारण मान्न सकिन्छ । हाल म २९ वर्षकी भए म अहिले किराना पसल गरेर बसेकी छु । श्रीमान बाहिर हुनुहुन्छ । दुवै जना मिलेर वा दुवै जनाको कमाइबाट परिवार राम्रैसँग चलेको छ । पुरानो पेशा भन्दा अहिलेको नयाँ पेशा सहज छ । झरी बादल भन्न नपर्ने राम्रो आम्दानी आदि विभिन्न कारणले गर्दा नयाँ पेशा उत्तम लाग्दछ ।

**वक पत्र-६**

*हाल म २९ वर्षको भए । विगत ३-४ वर्ष देखि मैले किराना पसल गर्दै आएकी छु । मेरो जन्म २०४७ सालमा यसै खपौदीमा भएको हो । मेरो बाबाको नाम नारे बहादुर जलारी हो भने आमाको नाम शान्त जलारी हो ।*

*मेरो शैक्षिक योग्यता जम्मा ८ पास हो । मेरो विवाह १० वर्ष अगाडि उदयपुर गाइघाटको केटासँग प्रेम विवाह भएको हो । मेरो श्रीमान विगत ७ वर्षदेखि वैदेशिक रोजगारको क्रममा कतारमा हुनुहुन्छ । हाल मेरो दुई छोरा छन् एउटा छोरा गाउँमै हजुरबुबा र हजुरआमा सँग बस्छ । उतै सरकारी स्कुलमा पढ्छ । कान्छो छोरो मसँगै बस्छ र फेवा बोर्डिङ स्कुलमा पढ्छ ।*

*हाम्रो परम्परागत पेशा माछा मार्ने भएपनि मैले त पहिला सानो छदा स्कुल पढ्न जान्थे पछि १८ वर्षको उमेर विवाह भयो । माईतमा दाजुभाई र बुबा आमाले माछा मार्ने काम गर्नुहुन्थ्यो । दाजु र बुबाले त अझै माछा मार्ने काम गर्नुहुन्छ । माईतीमा त हाम्रो केज पनि छ र केजमा माछा पनि पाल्छन् । म त जाल थाप्न पनि जान्दिन र जाल पनि छैन । डुङ्गा छ त्यो माईतीका दाईभाईले चलाउने गर्दछन् । विवाह भएको २ वर्षमा श्रीमान् बाहिर जानुभयो र म बजारमा कोठा खोजेर बस्न थाले र अहिले ३-४वर्ष भयो यो किराना पसल गरेर बसेकी छु ।*

## ५.१ माछा माथिको निर्भरता कमजोर हुँदै जानु

### ५.१.१ तालको पानी प्रदुषित हुँदै जानु

यस मुद्दामा अध्ययन गर्ने क्रममा कतिपय उत्तरदाताहरूको जवाफ फेवातालको पानी प्रदुषित भएको कारण पनि परम्परागत पेशामा चुनौती थपिएको र पेशा संकटमा परी पेशा छोड्नुपरेको कुरा उल्लेख गरिएको छ। जसमध्ये घटना (२, ११, १३, २०, १९, १७, १६, १५, १४) फेवातालको पानी प्रदुषित भएपछि तालमा माछाका लागि उपयुक्त वातावरण नहुने र तालमा प्रदुषित ढल मिसाउदा पानी दुर्षित भई माछाको संख्या घट्न पुग्दछ । त्यसकारण तालको पानी प्रदुषित भई माछाको संख्या घटी परम्परागत पेशाको विकल्प खोज्नुपरेको अनुमान गर्न सकिन्छ।

घटना ११ का अनुसार पहिला तालको पानी ऐना टल्के जस्तै थियो त्यहि पानी खान्थ्यौँ अहिले स्पर्स गर्न पनि गाह्रो हुन्छ।

### ५.१.२ मुहान क्षेत्रमा अतिक्रमणको कारण चुनौति थपिनु

यस मुद्दामा अध्ययन गर्ने क्रममा कतिपय उत्तरदाताहरूको जवाफ फेवातालको मुहानमा बम, विष, करेन्टको प्रयोग गरी मारीनुले पनि परम्परागत पेशामा चुनौति थपिएको र पेशा संकटमा परेको कुरा उल्लेख गरिएको छ। जसमध्ये घट्ना (२, ३, १०, ११, १२, १४, २०) का अनुसार उक्त समस्या पनि चुनौतिका रूपमा रहेको र तालमा माछाको संख्या घट्नुको प्रमुख कारण रहेको बताइएको छ । मुहानमा बम, विष, करेन्ट प्रयोग गरी माछा मार्दा माछाको प्रजनन क्षमतामा ह्रास आउने गर्दछ।

### ५.१.३ ताल पुरिदै जाँदा मत्स्य उत्पादनमा ह्रास आउनु

यस मुद्दामा अध्ययन गर्ने क्रममा कतिपय उत्तरदाताहरूको जवाफ ताल पुरिदै जानाले पनि तालको आकार सानो भई माछाको संख्या घट्ने कारणले पनि परम्परागत पेशामा चुनौति थपिएको कुरा उल्लेख गरिएको छ। जसमध्ये घट्ना (१३, १४, १५, १७, १९, २०) का अनुसार उक्त समस्या पनि चुनौतिका रूपमा रहेको र तालमा माछाको संख्या घट्नुको प्रमुख कारण रहेको बताइएको छ। ताल पुरिदै जानाले तालमा पानीको मात्रा घटी माछाको संख्या कम हुँदै जान्छ त्यसकारण पनि तालमा माछाको संख्या कम हुनुको प्रमुख कारण मान्न सकिन्छ।

#### ५.१.४ तालको बाँधबाट माछा बाहिर जाँदा स्रोत घट्नु

यस मुद्दामा अध्ययन गर्ने क्रममा घट्ना १२ को उत्तरदाताको भनाई छ । फेवातालको बाँधमा जालीको व्यवस्था नहुँदा वर्षातमा बाँधको ढोका खोल्दा जलारीहरूको एक वर्षमा नमार्ने माछा एकै दिनमा बगेर जाने भएकोले तालमा माछाको संख्या कम हुन गएको कुरालाई तालमा माछाको कम हुने एउटा प्रमुख कारणको रूपमा मान्न सकिन्छ ।

### ५.२ पेशा परिवर्तनको लागि अर्कषण गर्ने तत्वहरू

#### ५.२.१ पर्यटन बजार बैदामको देखासिकी

यस मुद्दामा अध्ययन गर्ने क्रममा कतिपय उत्तरदाताहरूको जवाफ देखासिकीले पनि नयाँ अवलम्वन गरेको वा साथीहरूको संगतले नयाँ पेशा वा बाबु बाजेले गरी आएको पेशा नगरी नयाँ पेशा गरेको कुरा उल्लेख गरिएको छ । घट्ना (४, ८, १५) का अनुसार देखासिकीको कारण परम्परागत पेशा नअपनाई नयाँ पेशा अपनाएको पाइयो । घट्ना ४ आफ्नै घर अगाडी प्यारासुट उडेको र बसेको देखेर र प्यारासुट पट्याउँदा पट्याउँदै आफुलाई पनि त्यस्तै गर्ने इच्छाले नयाँ पेशा रोजेको पाइयो । घट्ना (८, १५) ले साथीसँग रेष्टुरेन्टमा काम गर्दागर्दै रेष्टुरेन्ट व्यवसाय पेशा अपनाएको पाइयो ।

#### ५.२.२ आधुनिकताको प्रभाव

यस मुद्दामा अध्ययन गर्ने क्रममा कतिपय उत्तरदाताहरूको जवाफ आधुनिकताको प्रभावले पनि परम्परागत पेशाको सट्टा नयाँ पेशा अपनाउने गरेको पाइयो । घट्ना (१६, १७, १९) का अनुसार आधुनिकताको कारणले वा जलारी समुदायमा परेको आधुनिकताको प्रभावको कारणले पनि नयाँ पेशा रोज्न थालेको वा आधुनिक बन्न पनि नयाँ पेशा अपनाउन थालेको पाइयो ।

#### ५.२.३ जलारी समुदायको परम्परागत पेशा प्रति अन्य समुदायको दृष्टिकोण

यस मुद्दामा अध्ययन गर्ने क्रममा कतिपय उत्तरदाताको जवाफ उनीहरूको पुरानो पेशा प्रति अन्य समुदायको हेय दृष्टिकोण पनि रहि आएको छ । घट्ना (८) का अनुसार नयाँ पेशालाई भन्दा परम्परागत पेशा प्रति अन्य समुदायको फरक दृष्टिकोणका कारण पनि

वा हेय दृष्टिकोणका कारण पनि अहिले जलारी समुदायमा परम्परागत पेशा प्रति त्यत्ति रुचि छैन ।

### ५.२.४ नयाँ पेशालाई सहज ठान्नु

यस मुद्दामा अध्ययन गर्ने क्रममा कतिपय उत्तरदाताले परम्परागत पेशालाई भन्दा नयाँ पेशालाई सहज ठानेको पनि पाइयो । घट्ना (१३, १६, १९) का अनुसार उनीहरूले नयाँ पेशालाई सहज रूपमा लगेको पाइयो र नयाँ पेशामा पुरानो पेशा जस्तो पानीमा चोबलिन नपर्ने झरीबादलको डरका साथै रात बेलाको समस्या नहुने कुरा उल्लेख गरेका छन् र सहज पनि हुने कुरा उल्लेख गरेका छन् ।

### ५.२.५ रोजगारीका अन्य विकल्पको सृजना हुनु

यस मुद्दामा अध्ययन गर्ने क्रममा कतिपय उत्तरदाताले रोजगारीका अन्य विकल्पको सृजना भएको कारण परम्परागत पेशा नअपनाएको पाइयो । घट्ना (२, ८, १४, १५) रेष्टुरेन्ट व्यवसायमा आवद्ध भएको वा रेष्टुरेन्ट पेशा अंगालेको पाइयो । घट्ना (६, ७, १३) किराना पसल गरेको पाइयो । त्यस्तै घट्ना (५, १८) वैदेशिक रोजगारीमा रहेको पाइयो घट्ना (४) प्याराग्लाइडिङ्ग पाइलट रहेको पाइयो । घट्ना (१६) एअरलाइन्स कर्मचारी रहेको पाइयो ।

# अध्याय छ

# परम्परागत पेशामा आएको परिवर्तन र कारणहरूको अन्तरसम्बन्ध

नेपाल एक बहुजातिय, बहुभाषिक, बहुसाँस्कृतिक विविधता भएको राष्ट्र हो । २०६८ को जनगणना अनुसार यहाँ १२५ जातिका मानिस बसोबास गर्दछन् भने मातृभाषिको रूपमा १२३ भाषा बोलिन्छ सि.बि.एस. २०६८ नेपालमा विभिन्न जातजातिका मानिसले परम्परागत पेशाको रूपमा विभिन्न पेशा गर्दै आएकोमा विविध कारणबस उनीहरूले पेशा परिवर्तन गर्दै आएका छन् । ति कारणलाई समाजशास्त्रीय विवेचनाका आधारमा विवेचना गर्न सकिन्छ ।

## ६.१ परम्परागत पेशामा आएको परिवर्तन र आधुनिकीकरण

आधुनिकीकरण पश्चिमाहरूको दृष्टिकोणमा औधोगीकरण हो (स्पेन्सर, १९८५) । यो आधुनिकीकरण सिद्धान्तकारले आधुनिकीकरण एउटा सामाजिक, आर्थिक परिवर्तनको वाहकको रूपमा स्वीकारेका छन् । आधुनिकीकरण परम्परागत ढाँचाहरूको अन्त्य हो । जब परम्परागत समाजहरू आधुनिक बन्नको लागि शुरु गर्दछन् । तिनीहरू आधुनिक समाजको लागि संस्कृति र संस्थाहरू कार्यरत रहन्छन् ।

उदाहरणको लागि लैङ्गिक समानता, महिला र बालबालिकाको उच्च हैसियत, एकल परिवार, कामका लगनशिल विज्ञानलाई आदार गर्ने पेशालाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने आदी लक्षणहरू समाजमा देखिन्छ ।

अध्ययन क्षेत्रका जलारी समुदायका मानिसहरू उक्त क्षेत्र पोखराको लेकसाइडसँग जोडीएको हुनाले र उक्त क्षेत्र पर्यटकीय क्षेत्र पनि भएकोले साँस्कृतिक आदानप्रदानमा वृद्धि हुन गएको छ । लामो समयसमम अवलम्बन गर्दै आएको साँस्कृतिमा ह्रास आएको छ भने नयाँ संस्कृति प्रतिस्थापित हुँदैछ । मानिसहरू व्यापार, व्यवसाय र अन्य पेशामा लागेका मान्छे परम्परागत पेशा गर्ने भन्दा बढी आधुनिक देखिन्छन् । दाउराको प्रयोगमा कटौती आई सिलिण्डर ग्यास र बिजुलिबाट खाना बनाउने गर्दछन् । ढुङ्गा र खरको घरहरूको सट्टामा

सिमेन्ट र टिनको प्रयोगमा वृद्धि भएको छ । जुन कुरा प्रत्यक्ष सर्वेक्षणबाट प्राप्त हुन आएको हो ।

उपभोग्य सामग्रीमा आधुनिक र महङ्गा चिजको प्रयोग वृद्धि भएको छ । फेसनमा पश्चिमा सँस्कृतिको वृद्धि र भड्किला पश्चिमा संस्कारको नक्कलमा वृद्धि भएको छ । आधुनिकीकरण सिद्धान्तले सामाजिक, साँस्कृतिक एवम् आर्थिक विकासको अवधारणालाई जोड दिन्छ । मानिस पनि एक सामाजिक प्राणी भएका कारण समाजको परिवर्तनसँगै आफुलाई पनि परिवर्तन गर्दै जान्छ ।

परिवार भित्रका सदस्यले पनि आधुनिकीकरणलाई अवलम्बन गर्ने क्रममा आवश्यकतारु तिव्र रूपमा वृद्धि हुँदै जान्छन् । देखासिकी शिक्षाको प्रभाव, साँस्कृतिक आदानप्रदान आदी कारणले जलारी समुदायका मानिसले परम्परागत रूपमा गर्दै आएका पेशालाई परिवर्तन गरेको पाइयो ।

## ६.२ परम्परागत पेशामा आएको परिवर्तन र विश्वव्यापीकरण

विश्वव्यापिकरण र आधुनिकीकरणले गर्दा आधुनिक बन्नलाई पश्चिमी आर्थिक र साािजक शैलीको नक्कल गर्नुपर्ने अवस्था तथा विभिन्न देशहरू बिच विकासका समान सम्बन्धहरूको बारेमा विश्लेषण गर्दै तेस्रो विश्व वा गरिब राष्ट्रहरू किन र कसरी शोषणमा परेका छन् भन्ने देखाउन विश्व व्यवस्था सिद्धान्तको विकास भएको हो ।

सन् १९७० मा यसको विकास भएको हो । जसका मुख्य व्यवस्थाकार इमान्यूल वालेस्ट्राइन हुन् । यसलाई नवमार्क्सवादी सिद्धान्त वा परनिर्भरताको सिद्धान्त पनि भनिन्छ । विश्वव्यवस्था सिद्धान्तमा इमान्यूल वालेस्ट्राइनले विश्वलाई केन्द्र, अर्धपृष्ठ र पृष्ठ क्षेत्र गरी ३ वटा वर्गमा विभाजन गरेका छन् ।

यस सिद्धान्त अन्तर्गत केन्द्र देशहरूले सस्तो मूल्यमा कामदार तथा कच्च पदार्थहरू पृष्ठ देशहरूबाट आयात गरी विश्व बजारलाई आफ्नो अधिनमा पारीरहेका हुन्छन् । क्षेत्र विकसित भइरहेको हुन्छ भने पृष्ठ क्षेत्र अविकसित रहन्छ । केन्द्र देशहरूबाट आर्थिक श्रम शोषणका कारणले श्रमिकको ज्यालामा असमानता हुन्छ । त्यस्तै नेपाली श्रम बजार पनि अन्तराष्ट्रिय स्तरमा हेर्दा अत्यन्त सस्तो श्रममा काम गरिरहेको अवस्था हाम्रो सामु रहेको छ ।

यसरी पृष्ठ देशमा पनि विभिन्न कारणले गर्दा अन्तराष्ट्रिय जगतको प्रभाव पर्ने गर्दछ । जसको कारण उक्त देशमा पनि परम्परागत पेशा छोडी कतिपय वैदेशिक रोजगारीमा जान, देखासिकी र विदेशका मानिसहरूको प्रभावको कारण परम्परागत पेशा परिवर्तन गर्ने परिपाटीका कारण पनि विश्व व्यवस्था (विश्वव्यापिकरण) सिद्धान्तलाई यस शोधसँग जोडिएको छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष र प्राप्ती

## ७.१ सारांश

यस अध्ययनले कास्की जिल्लाको फेवा जलाधार क्षेत्र स्थित जलारी समुदायको परम्परागत पेशामा आएको परिवर्तनको बारेमा अन्वेषण गर्ने प्रयास गरिएको छ । जसको मुख्य उद्देश्य जलारी समुदायको परम्परागत पेशामा परिवर्तन आउनुको कारण पत्ता लगाउनु र जलारी समुदायको जीविकोपार्जनको परम्परागत उपाय पत्ता लगाउनु रहेको छ ।

यस शोधपत्र तयार गर्न वैयक्तिक अध्ययन, प्रत्यक्ष अवलोकन गरेर प्राथमिक तथ्याङ्क प्रयोग गरिएको छ भने पृथ्वीनारायण क्याम्पस पुस्तकालय, विभिन्न किताब, जर्नल आदीबाट प्राप्त तथ्याङ्कलाई द्वितीय तथ्याङ्क स्रोतको रूपमा प्रयोग गरिएको छ । पहिला अनुसन्धान भएका पेशा परिवर्तन सम्बन्धी अनुसन्धानहरूमा साहित्य समिक्षा गरिएको छ भने विश्वव्यापीकरण, आधुनिकीकरण र मार्क्सवादी सिद्धान्तलाई सैद्धान्तिक समिक्षा गरिएको छ ।

यस अध्ययनको लागि कास्की जिल्ला स्थित फेवा जलाधार क्षेत्र भित्र बसोबास गर्ने करिब ४५० जलारी मध्ये परम्परागत पेशा अपनाउँदै आएका ६ जना र नयाँ पेशा अंगालेका १४ जना गरी २० जनालाई समग्रता मानिएको थियो । तर यकिन साथ पेशा परिवर्तन गर्ने वा नयाँ पेशा क-कसले अंगालेका र परम्परागत पेशामा आवद्ध व्यक्ति छुट्टाउनको लागि स्नोबल विधि र उद्देश्यपूर्ण नमुना छनौट विधि प्रयोग गरिएको छ ।

यस शोधपत्रमा अध्ययनकर्ताले सम्बन्धित विषयको भित्री गहिराइसम्म पुगेर वास्तविक तथ्य निकाल्ने कोशिस गरेको छु । यस अध्ययनमा जलारी समुदायको परम्परागत पेशामा परिवर्तन आउनुमा आकर्षक तत्व र बाध्यकारी तत्व गरी दुई प्रकारमा उल्लेख गरिएको छ । आकर्षक तत्वमा देखासिकी, आधुनिकताको प्रभाव, नयाँ पेशालाई सहज ठान्नु, रोजगारीका अन्य विकल्प सृजना हुनुलाई उल्लेख गरिएको छ भने बाध्यकारी तत्वमा तालमा माछाको संख्या घट्नु, ताल पुरिदै जानु, तालको बाँधमा जालिको व्यवस्था नहुनु आदिलाई उल्लेख गरिएको छ ।

## ७.२ निष्कर्ष

यस अध्ययनले जलारी समुदायको परम्परागत पेशामा परिवर्तन आउनुको कारण बारेमा विश्लेषण गरिएको छ । पेशा परिवर्तन एक समय सापेक्ष हुने कुरा हो । तैपनि त्यसको पछाडी विभिन्न कारणहरू रहेको देखिन्छ । कतिपयको विचारमा बाध्यात्मक परिस्थितिको कारण पेशा परिवर्तन गर्नु परेको देखिन्छ भने कतिपयले देखासिकी र समयसापेक्ष नयाँ पेशा अपनाएको देखिन्छ । कतिपयले उपयुक्त विकल्प भेटाएर नयाँ पेश अपनाएको पाइयो ।

सिमान्तकृत समुदायले परम्पारदेखि नै प्राकृतिक स्रोतको सहयोगमा गुजारा चलाउँदै आएकोमा विभिन्न कारणबस परम्परागत माध्यमलाई छोडी नयाँ माध्यम वा पेशा अपनाएको पाइयो । जलारी समुदायको परम्परागत पेशामा परिवर्तन आउनुमा समाजको आधुनिकिकरण पनि जिम्मेवार छ । यसैले रोष्टो १९७० को आधुनिकिकरण सिद्धान्त शत प्रतिशत सही छ । हेबरमास सिद्धान्त शत प्रतिशत सहि छ । हेबरमास (१९८७) को कार अनुसार आधुतिकता कहिल्यै पनि नटुङ्गिने प्रोजेक्ट हो ।

जलारी समुदायको परम्परागत पेशामा परिवर्तन आउनुमा विश्वव्यापिकरण सिद्धान्त पनि जिम्मेवार छ । विश्वव्यापिकरण विकासको एक यस्तो समृद्ध अवस्थालाई जनाउँदछ । जहाँ पुँजी, प्रविधि, श्रम, कच्चा पदार्थ सूचना तथा यातायात वितरण प्रणाली र बजारहरू विश्वव्यापी स्तरमा एकिकृत वा अन्तर मिश्रित भएको हुन्छ । यसले अर्थतन्त्रलाई सही समयमा विश्वव्यापी आधारमा कार्य गर्ने एकाईको रूपमा विकास गर्दछ । (दाहाल, २०६८) यसकार विश्वव्यापी सिद्धान्त पनि शत प्रतिशत सहि छ ।

## ७.३ प्राप्ती

- यस अध्ययनको लागि २० जना उत्तरदाता छनोट गरिएकोमा ति मध्ये ६ जना परम्परागत पेशा अपनाएका र १४ जना नयाँ पेशा अपनाएका छन् ।
- २० जना उत्तरदाता मध्ये ४ जना महिला रहेका छन् ।
- शैक्षिक अवस्थाको हिसाबले हेर्दा निरक्षर संख्या ३ देखियो । जसमध्ये सबै पुरुषहरू रहेका छन् । त्यस्तै साक्षर १० जना, एस.एल.सि. पास २ जना र १२ सम्म अध्ययन गरेका १ जना देखियो ।

- यस अध्ययनमा २० जना उत्तरदाता मध्ये परम्परागत पेशा अपनाएका ६ जना र नयाँ पेशा अपनाएका १४ जना जसमध्ये फ्रेस हाउस गरेका ३ जना, रेष्टुरेन्ट व्यवसाय भएका ३ जना, प्याराग्लाइडिङ्ग पाइलट १ जना, किराना पसल भएका ३ जना, एयरलाइन्स कर्मचारी १ जना र वैदेशिक रोजगारीमा ३ जना रहेका छन् ।
- यस अध्ययनमा देखिए अनुसार परम्परागत पेशा छोडी वा परम्परागत पेशा सट्टामा नयाँ पेशा अवलम्बन गर्नुका कारणहरूमा माछामा आधारित आम्दानी न्यून हुँदै जानु, मत्स्य उत्पादनमा जोखिम बढ्नु, प्रतिस्पर्धात्मक बजारमा मूल्य कम, अन्य पर्यटकीय पेशाको विकास, सडक निर्माणसँगै आएको थप अवसर, सहकारी र तालिमले पेशामा ल्याएको विभेदीकरण र प्रविधिको विकाससँगै आकर्षक आम्दानी आदि कारणहरू रहेका छन् ।

# सन्दर्भ सामग्री


अधिकारी, अग्नी प्रसाद (२०६२), *विकास र प्रशासन,* काठमाण्डौं: ओम बुक्स ।

केन्द्रिय तथ्याङ्क विभाग, २०६८

न्यौपाने, कुसमाकर (२०६९), *कस्केली जातजाति र उखान,* काठमाण्डौं: सगुन प्रिन्टर्स एण्ड सप्लायर्स, बानेश्वर ।

दाहाल, प्रकाश (२०६५), *विकास प्रशासन र विकेन्द्रिकरण,* काठमाण्डौं: पिनाकल पब्लिकेशन ।

नेपाल राजपत्र प्रकाशित मिति, २००२

पोखरेल, कृष्ण (२०५८), *सार्वजनिक प्रशासनका सिद्धान्त,* काठमाण्डौं: श्याम पुस्तक भण्डार ।

*बास्तोला, सत्यजिता (२०७१), जलारी महिलाहरूको शैक्षिक अवस्थामा आएको परिवर्तन,* अप्रकाशित शोधपत्र, समाजशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा, नेपाल ।

शर्मा, मुकुन्द एण्ड मैनाली, श्याम (२०७१), *विकासका समसामयिक आयामहरू,* काडमाण्डौं: मैनाली बुक्स एण्ड स्टेशनरी, आइडल प्रेस, डिल्ली बजार ।

*सुवेदी, सबिरा (२०७३), बेगनास तालका पोडे जातिको आर्थिक अवस्थाको शैक्षिक उपलब्धिमा पारेको प्रभाव,* अप्रकाशित शोधपत्र, समाजशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा, नेपाल ।

सुवेदी, विष्णु (२०६१), *प्रशासन व्यवस्थापन र विकासका मुलभूत पक्षहरू,* काठमाण्डौं: पिनाकल पब्लिकेशन ।

Adhikari, B. (2011). *Occupational Mobility and Alternation in the Indigenous Resource Management Practice of the Jalari Community of Pokhara Valley.* Unpublished Master's Thesis, Department of Sociology, Prithvi Narayan Campus, Pokhara.

Andrew A. (1993). *The Sociology of Works and Occupations.* Vol. 19, pp. 187-209 Annual Reviews Publication, https//www.jstor.org.

Charles, K. (1999), *Narrative Reasons and Cold War Economic Diplomacy in W.W. Rostow's Stage of Economic Growth*. Rhetoric and Public Affairs. 2,3,95-414 Michigan State University Press, https//www.istor.org.

Chhetri, R.B. (2006). Changing Environment and Livelihoods: Adoptation the Jalari People in the Pokhara Valley. *CNAS Journal*. Vol.33

Friedman N.L. & Friedman S.S. (1987). *Occupational Sociology as Career and Employment Couonselling Patterns and Possibilities.* Vol. 18, pp. 284-295 Springer Publication, https//www.jstor.org.

George, R. (2010). *Sociological Theory*. New York: English University of Maryland the MC Grawhill Companies.

Nepali, G. S. (1965). *The Newar an Ethno-Sociological Study of a Himalayan Community*. Bombay: United Asia, Publications.

Regmi, M.C. (1978). *Land Tenure and Taxation in Nepal.* Kathmandu: Ratna Pustak Bhandar.

Slocum W.L. (1969). *The Potential Contributions of Sociology to Occupational Guidance.* 1-8 Sage Publication Inc, https//www.jstor.org.